# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## जानकी गाउँपालिका

### कैलाली





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## जानकी गाउँपालिका

## कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

जानकी गाउँपालिका

कैलाली

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५१२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
जानकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले जानकी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ३ करोड ६६ लाख ९६ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. १ करोड २ लाख ७६ हजार फस्योंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १३ लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४१ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ८९ लाख ९३ हजार र पेश्की रू. १९ लाख ४ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १५ करोड ५५ लाख १३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछर्यौट एवं कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १७ करोड ८८ लाख ६३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

जानकी गाउँपालिका, कैलाली

## १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजू</th><th colspan="3">प्रतिक्रियाबाट फछ्र्यौट</th><th colspan="3">बाँकी बेरुजू</th><th colspan="7">बेरुजू</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>राजस्व लगत जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th><th></th></tr>
<tr><td>८१</td><td>१४५</td><td>३६६९६</td><td>०</td><td>५३</td><td>१०२७६</td><td>८१</td><td>९२</td><td>२६४२०</td><td>१३४९</td><td>१८९९३</td><td>४१७४</td><td>०</td><td>०</td><td>२३१६७</td><td>१९०४</td></tr>
</table>

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

*(रु. हजारमा)*

| क.सं. | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | १८.१ | अ.न.मि.को पारिश्रमिक दाखिला असूल | १५५ |
| २. | २०.४ | दोहोरो फिल्ड भत्ता दाखिला असूल | ३९ |
| ३. | २०.१३ | वितरण भरपाई पेश | ९८ |
| ४. | २६ | महङ्गी भत्ता असूल दाखिला | ९८४ |
| ५. | १५.१ | विद्यालय भौतिक संरचना निर्माण ३ विद्यालयको रकम फिर्ता दाखिला | ९००० |
| | | जम्मा | १०२७६ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| जानकी गाउँपालिका, कैलाली | १५५५१३ | ० | ३०७० | १५२४४३ | ० | २६४२० | १७८८६३ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : जानकी गाउँपालिका, कैलाली ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नारायण बहादुर बिष्ट | २०७६-२-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिनेश माझी | २०७६-९-८ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २६,४२०,२१६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६,९८,५०,८७५.१४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९,२३,०३,५३२.१८ | **चालु खर्च** | ३८,६२,११,४८८.८५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,११,७४,१०४.७३ | **पूँजीगत खर्च** | २१,६७,४६,३१३.१८ |
| **राजश्व बाँडफाँट** | ११,९७,७२,३९०.९७ | **वित्तीय/अन्य व्यवस्था** | १९,७५,२७,५९०.३८ |
| **आन्तरिक आय** | १,६२,२१,३८९.५८ | | |
| **अन्य आय** | २१,३७,०६,०८६.६८ | | |
| **कुल आय** | ७६,३१,७७,५०४.१४ | **कुल खर्च** | ८०,०४,८५,३९२.४१ |
| **बाँकी मौज्दात** | | ३,२५,४२,९८६.८७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा १०७.२७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४८५४० जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धैरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग मिति २०७९।१०।१८ मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन । | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा सोको अद्यावधिक गरी प्रयोग गरेको पाइएन,<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा सो गरेको पाइएन,<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भए तापनि यस पालिकाले सार्वजनिक खरिद नियमावली र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बनाई लागू गरेको देखिएन,<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>· पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समितिहरु दर्ता गरी व्यवस्थित गर्नुपर्नेमा सो गरेको पाइएन,<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो गरेको पाइएन,<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयारगरेको पाइएन,<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को व्यवस्थाअनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>· निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **बजेट तथा कार्यक्रम** | |
| ४.१ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ४.२ | | | **क्षेत्रगत बजेट र खर्च –** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४,८५,९०,,६०९।६२ | ३,६७,४४,३७६।४६ | ६.०९ |
| पूर्वाधार विकास क्षेत्र | २८,९०,९६,६०७।३८ | १५,७५,१६,२२३।६८ | २६.१२ |
| सामाजिक क्षेत्र | ३१,,९२,२८,५१४।४९ | २५,१४,३३,६९८।१५ | ४१.४७ |
| संस्थागत बिकास सेवा प्रवाह र सुशासन | २,५४,०१,२६८।५१ | १,९६,८८,१९६।१८ | ३.२६ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १५,९२,६०,०००।०० | १३,७५,७५,३०७।५६ | २२.८१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **जम्मा** ८४,१५,७७,०००।०० ६०,२९,५७,८०२।०३ १००<br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ४१.४७ प्रतिशत र संस्थागत बिकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ३.२६ प्रतिशत रहेको छ । | |
| ४.३ | | | **रकमान्तर**: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । पालिकाकाको बिनियोजन ऐन २०७८ मा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू ९ करोड ९४ लाख ०४ हजार अर्थात कुल बजेट रू ८२ करोड.७१ लाख ३० हजारको. १२.१६ प्रतिशत रकमाान्तर गरी खर्च गरेको देखिन्छ । अत यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ । | |
| ४.४ | | | **योजना र कार्यान्वयन**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष छनौट भई संचालन भएका कामका योजनाहरु देहायअनुसार छन्:<br>क्र.सं. / विवरण / योजनासंख्या<br>१ / रु १ लाखभन्दा कमको योजना / २१९<br>२ / रु १ लाखएक देखि २ सम्मका योजना / १९७<br>३ / रु २लाखएक देखि ५ लाख सम्मका योजना / २३६<br>४ / रु ५ लाखदेखि १० लाख सम्मका योजना / १४० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>दश लाख एकदेखि माथिका पोजना</td><td>१५४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९४३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.५</td><td></td><td></td><td>
चौमासिक पूँजीगत खर्च-आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली२०७७ को नियम ३५मा त्रैमासिक बिवरण बनाई पेश गर्नु पर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td rowspan="2">सि.नं.</td><td rowspan="2">पूँजीगत खर्च शीर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="3">चौमासिक खर्च (रु.हजारमा)</td><td>अषाढको खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेसोचौमासिक</td><td></td></tr>
<tr><td>१</td><td>पूँजीगत खर्च</td><td>२१६७४६</td><td>१३६७८</td><td>६५५५२</td><td>१३७५१५</td><td>६७९५७</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>६.३१</td><td>३०.२४</td><td>६३.४४</td><td>३१.३५</td></tr>
</table>
वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ६३.४४ प्रतिशत र अषाढ महिनामा ३१.३५प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।
</td><td></td></tr>
<tr><td>४.६</td><td></td><td></td><td>
खर्च बिश्लेषण – पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १,३६,४६,५५७।९७ राजस्व बाँडफाँड र अनुदानबाट रू समेत रु ५३,५८,२४,८५८।७५ आम्दानी भएकोमा चालु तर्फ रु ३८,६२,११,४८८।८५ र पूँजिगत तर्फ रु २१,६७,४६,३१३।१८ समेत रु ६०,२९,५७,८०२।०३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२६ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु ९१,४४,५००।०० खर्च भएको छ जुन आन्तरिक आय ६७.०० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.०४ प्रतिशत चालु र ३५.९४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ । | |
| ४.७ | | | **लक्ष्य प्रगति** : कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालु र पूँजिगत गरी जम्मा ९४३ कार्यक्रम मध्ये १७७ वटा कार्यक्रममा शुन्य प्रगति देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ५ | | | **बित्तिय बिवरण परीक्षण** | |
| ५.१ | | | **वित्तीय प्रतिवेदन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ५.२ | | | **वित्तीय विवरणको यथार्थता**- पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७,९८,०५,४७९।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ५.३ | | | **सञ्चित कोषमा स्थानान्तरण**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.१,२०,७४,६३८।७५ पुँजीगत खातामा रु.६१,३४,५३२।८३, आन्तरिक राजस्व खातामा रु६,०२,१४२।८२ राजस्व बाँडफाँड खातामा रु २,३६,७५३।०३ समेत रु.१,९०,४८,०६७।४३ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५.४</td><td></td><td></td><td>फरक जिम्मेवारी-पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ६,९८,५०,८७५.०० मौज्दात रहेकोमा यो वर्ष रु. ६,३९,५३,४१८.४६ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५८,९७,४५७.०० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ९,१९,४२,०५१।१४ यस वर्षको प्राप्ति रु ५५,५३,८३,३९१।७२यस वर्षको भुक्तानी रु ६२,०६७५,,१०१।४१र बैङ्क मौज्दात रु २,६६,६०,३४१।४५ रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>९,१९,४२,०५१।१४</td><td>५५,५३,८३,३९१।७२</td><td>६२,०६७५,,१०१।४१</td><td>२,६६,६०,३४१।४५</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>९,१९,४२,०५१।१४</td><td>७३,५१,८८,८७०।७२</td><td>८०,०४,८०,५८०।४१</td><td>२,६६,५०,३४१।४५</td></tr>
<tr><td>फरक</td><td></td><td>१७,९८,०५,४७९।४५</td><td>१७,९८,०५,४७९।४५</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>५.६</td><td></td><td></td><td>कट्टी रकम दाखिला नभएको : आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व कार्यबिधि ऐन, २०७६ मा कट्टी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा कट्टी भई राजस्व खातमा दाखिला गर्न बाकी रहेको रू ४८११।२६ संघिय संचित कोष दाखिला गरेको देखिएन । अतः कार्यालयले उक्त कट्टी रकम दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु.</td><td>४,८११</td></tr>
<tr><td>५.७</td><td></td><td></td><td>बैङ्क हिसाब विवरण-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>(म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः<br>
<table>
<tr><th>खाता</th><th>स्रेस्ताअनुसार मौज्दात रु.</th><th>बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.</th><th>फरक रु.</th></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>५०,६०,०९०।३१</td><td>१,६४,०८३।६६</td><td></td></tr>
<tr><td>चालु खर्च खाता</td><td>०</td><td>१,२०,७४,६३८।७५</td><td></td></tr>
<tr><td>पुँजीगत खर्च खाता</td><td>०</td><td>६१,३४,५३२।८३</td><td></td></tr>
<tr><td>विविध खर्च खाता</td><td>७२,६२,१७१।५५</td><td>१,००,४५,६४५।४१</td><td></td></tr>
<tr><td>प्रकोप व्यवस्थापन खाता</td><td>१९,०९,४६६।८०</td><td>१९,०९,४६६।८०</td><td></td></tr>
<tr><td>कर्मचारी कल्याण कोष खाता</td><td>२५,०७,१९९।८०</td><td>२५,०७,१९९।८०</td><td></td></tr>
<tr><td>धरौटी</td><td>९९,११,४१२।९९</td><td>९६,४१,३८२।६४</td><td></td></tr>
<tr><td>ग१.१, आन्तरिक</td><td>०</td><td>६,०२,१४२।८२</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>राजस्व खाता</td><td></td><td></td><td></td></tr>
<tr><td>ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>०</td><td>२,३६,७५३।०३</td><td></td></tr>
<tr><td>जम्मा</td><td>२,६६,५०,३४१।४५</td><td>४,३३,१५,८५५।७४</td><td>१,६६,६५,५१४।२९</td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>कानून निर्माणको अवस्था<br><br>यस गाउँपालिकाको न्यायिक समितिले हालसम्म १४ वटा ऐनहरु, ३ वटा नियमावलीहरु, १७ वटा कार्यविधिहरु, २ वटा निर्देशिकाहरु, १ वटा मापदण्डहरु र १ आचार संहिता सहित जम्मा ३८ वटा कानुनहरु निर्माण भएको देखिन्छ । सो कानुनहरु मध्ये आ. व. २०७८/७९ मा ५ वटा ऐन, १ निर्देशिका र २ कार्यविधिहरु सहित जम्मा ८ वटा कानुनहरु निर्माण भएको देखिन्छ । हालसम्म पनि सार्वजनिक खरिद नियमावली र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली बन्न सकेको देखिएन। स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सार्वजनिक सेवा प्रवाह र सुशासनको नमुनाको रुपमा विकास गर्नको लागि आवश्यक कानुनहरुको निर्माण कानुनी सामञ्जस्यता र तादाम्यता कायम गरी प्रभावकारी कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>सम्पत्ति व्यवस्थापनतर्फ</td><td></td></tr>
<tr><td>७.१</td><td></td><td></td><td>जिन्सी निरीक्षण प्रतिवेदनः सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५३ (१), (२), (३) र (४) बमोजिम प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने छ । सोही व्यवस्था अनुसार कार्यालयले प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने बिभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार देहाय बमोजिम मर्मत र मिन्हा समेत गर्नुपर्ने देखिन्छ । प्रतिवेदनमा उल्लिखित उक्त सामानहरुको मर्मत र मिन्हा समेत गरेको पाइएन। उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत र मिन्हा गरी पालिकाले घरजग्गाको विवरण समेत पाम्समा इन्ट्री गरी जिन्सी अद्यावधिक गर्नुपर्ने र चालु आर्थिक वर्षमा खरिद गरेको सवारी साधन वा मालसमानको जिन्सीमा स्पेसिफिकेशन समेत उल्लेख गरी जिन्सी अद्यावधिक गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>विवरण</td><td>जिन्सी प्रयोगमा नरहेका</td><td>प्रयोगमा नरहेका मध्ये मर्मत गर्न सक्ने</td><td>प्रयोगमा नरहेका मध्ये मिन्हा गर्नुपर्ने</td><td>कैफियत</td></tr><tr><td>पालिकाको एकीकृत विवरण</td><td>१५ किसिमका २७ सामाग्रीहरु</td><td>७ किसिमका ८ सामाग्री</td><td>९ किसिमका १९ सामाग्री</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>जिन्सी लगत खाताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन।</td><td></td></tr>
<tr><td>७.३</td><td></td><td></td><td>सार्वजनिक सम्पत्तिको अभिलेखः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.४</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेकोरअभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु,गराउनुरअभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.५</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ । | |
| ७.६ | | | **कोषहरुः** आर्थिक कार्यविधि एवं वित्तिय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६(१) ले कोषको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गतका रहेका कर्मचारी कल्याण कोष, प्रकोप व्यवस्थापन कोष, विविध कोष तथा सञ्चित कोष गरी ४ कोषहरुको विवरण अद्यावधिक छ । विविध कोषको आय प्राप्तिको विवरण पेश भएको पाइएन । | |
| ७.७ | | | **वडा कार्यालयबाट सामाग्री खरिदः** पालिकाले वडा कार्यालयलाई नै बजेट विनियोजन गरि कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । पालिकाले पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद विवरण पाम्समा दाखिला हुँदैन र वार्षिक खरिदको एकिन विवरण अध्याविध हुन सक्दैन् । अतः वडा कार्यालय मार्फत् हुने खरिदलाई पनि पाम्समा आवद्ध गर्नेतर्फ ध्यान दिनु पर्दछ । | |
| ८ | | | **विद्यालय अनुगमन तथा प्रतिवेदन**<br><br>स्थानीय तह सञ्चालन ऐन २०७४ ले माध्यामिक तहसम्मको शिक्षाको अनुगमन, मुल्याङ्कन र नियमन लगायतका व्यवस्थापीय कार्यहरु गर्ने अधिकार स्थानीय तहलाई दिईएको छ। सम्बन्धित पालिकाले सार्वजनिक तथा निजी विद्यालयको अनुगमन, नियमन व्यवस्था, विद्यालयगत अभिलेख, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सम्बन्धी कार्यहरु गर्नुपर्ने हुन्छ। पालिकाले विद्यालय अनुगमन तथा शैक्षिक गुणस्तरको मापन मापदण्ड निर्धारण गरेको छैन्। अत: पालिकाले अनुगमन र गुणस्तर मापनको मापदण्ड बनाई सोहि बमोजिम अनुगमन गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्नु पर्दछ। | |
| ९ | | | **आर्थिक सहायता, विविध तथा अनुदानतर्फ** | |
| ९.१ | | | **आर्थिक सहायताः–** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालकिकाले कार्यविधि बेगर रु. ४,७०० देखि २५,००० सम्म १२७ जनालाई रु. ११,८७,१५७.५० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १,३६,४६,५५७.९७ को ८.७० प्रतिशत हुन आउँछ। तसर्थ, पालकाले कार्यविधि बनाई आर्थिक सहायता दिनु पर्दछ । | |
| ९.२ | | | **खाना तथा विविध खर्चः–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. ७ लाख ३५ हजार खर्च गरेको छ । यस्तो खर्च औचित्यको आधारमा गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.३ | | | **संस्थालाई अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । पालिकाले बिभिन्न ३७ संघ संस्थालाई रु. ५,००० देखि रु. १,००,००० सम्म गरी रु. ६,१५,८०० अनुदान भुक्तानी दिएको छ । यसरी यस्तो खर्च कार्यविधि बनाई गर्नु पर्दछ । | |
| १० | | | **सेवा प्रवाहको स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सो को अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २४ |
| **पञ्जिकरणतर्फ** | **४५६९** |
| जन्मदर्ता | २२०४ |
| मृत्युदर्ता | ५६९ |
| बसाईसराई दर्ता | ६८२ |
| विवाह दर्ता | ११०६ |
| सम्बन्धविच्छेद दर्ता | ८ |
| **पूर्वाधार विकास सडक निर्माण** | ३० कि.मी. |
| कालोपत्रे सडक निर्माण | ५.५७ कि.मी. |
| कालोपत्रे सडक मर्मत | ० कि.मी. |
| ग्राभेल सडक निर्माण | २९ कि.मी. |
| ग्राभेल सडक मर्मत | ३ कि.मी. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । यसरी पालिकामा अपाङ्ग मैत्री सेवा, डिजिटल सेवा, एस.एम.एस. सेवा, अनलाइन सेवा तथा अन्य आधुनिक सेवाको विस्तार गर्नु पर्दछ । | |
| ११ | | | **ठेक्कातर्फ** | |
| ११.१ | | | **खरिद व्यवस्थापनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ बमोजिम सार्वजनिक निकायले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐनमा भएको व्यवस्था बमोजिम खरिद नियमावली तयार गरी लागू गर्नको लागि तीनवटै संघीय तहहरुलाई अधिकार दिइएको अवस्था छ । पालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागू गरेको देखिएन । यस पालिकाको खरिद व्यवस्थापन सम्बन्धी निम्नानुसारको अवस्था रहेको छ ।<br><br>• खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना बनाएको छैन,<br>• खरिद एकाइको गठन गरेको छ तर खरिद एकाइको प्रयोग गरी खरिद व्यवस्थापन गरेको देखिएन,<br>• एकिकृत रुपमा खरिद कार्य नगरी टुक्रे खरिद गरेको देखिन्छ,<br>• कर्मचारीको नाममा पेश्की दीई खरिद कार्य गरेको पाइयो ।<br><br>यस्तो प्रकारको प्रवृत्तीले सार्वनजिनक खरिद प्रक्रियामा प्रतिस्पर्धा सिमित हुन जाने तथा गुणस्तरीय वस्तु तथा सेवाको आपुर्तिको सुनिश्चितिता हुन सक्दैन। यसर्थ सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक देखिन्छ । | |
| ११.२ | | | **कन्टेन्जेन्सी रकम व्यवस्थापनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा अनुसुची १ मा उल्लेख भए बमोजिम लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने तथा सोको खर्च गर्दा वर्क चार्ज खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाले उपभोक्ता समितिबाट काम गराउँदा योजनाको लागत रकमको ४ प्रतिशत रकम कन्टेन्जेनसी रकम कट्टी गरेको छ । कन्टेन्जेन्सी रकमलाई व्यवस्थित गर्नको लागि कन्टेजेन्सी योजना बनाएर व्यवस्थित गरेको पाइएन । यसलाइ व्यवस्थित गर्नु पर्दछ । | |
| १२ | | | **कर्मचारी व्यवस्थापनतर्फ** | |
| १२.१ | | | **प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापनः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २४५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अधिकृत सहित ८७ पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैठौं, सि.अ.न.मि. छैठौं, हेल्थ असिष्टेन्ट पाँचौं, स्टाफ नर्स, ल्याब टेक्निशियन, सर्वेक्षक, सब इन्जिनियर पाँचौं, आ.ले.प. पाँचौं र सहायक पाँचौं जस्ता १५८ पदहरु रिक्त रहेका छन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| १२.२ | | | **तलवी प्रतिवेदनः–** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्थानीय स्थायीतर्फका ६ जना कर्मचारीलाई रु. २४,८९,२४२ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नु पर्दछ । | |
| १२.३ | | | **करार कर्मचारी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा कानून बमोजिम मात्र भर्ना गर्नुपर्नेमा पालिकाले बिभिन्न पद ६६ जना कर्मचारीहरु करारमा राखी रु. २,८०,८३,४४० खर्च लेखेको छ । पालिकाले व्यवस्थापन सर्वेशक्षण गरी आवश्यकताका आधारमा मात्र कर्मचारीहरु राख्नुपर्दछ। | |
| १३ | | | **प्रकोप व्यवस्थापनतर्फ** | |
| १३.१ | | | **प्रकोप व्यवस्थापन खर्चः** पालिकाबाट राहत वितरण तथा अन्य खर्चका लागि रु. ६,९२,०४३ को मापदण्ड बेगर खर्च गरेको पाइयो । यस्तो खर्च मापदण्ड बनाई खर्च गर्नु पर्दछ। | |
| १३.२ | | | **विपद् व्यवस्थापन कोषः–** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा २३ (१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको रु. २५,९७,४५६.७मौज्दात रहेकोमा रु. ६,९२,०४३ खर्च गरी रु. १९,०५,४१३.६८ बाँकी रहेको देखिन्छ । | |
| १३.३ | | | **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली,२०७६ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ । | |
| १३.४ | | | **समिति गठनः–** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको र समिति गठन भए तापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनु पर्दछ। | |
| १३.५ | | | **वार्षिक प्रतिवेदनः–** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनु पर्दछ । | |
| १४ | | | **विविधतर्फ** | |
| १४.१ | | | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १४.२ | | | **लागत प्रभावी योजना तर्जुमाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले कुनै खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिसँग सम्झौता र कार्यादेश पश्चात लागत अनुमान तयार हुने गरेको छ । योजनाको कार्यान्वयमा प्रभावकारीता ल्याउन तथा बस्तुनिष्ठ योजना बनाउनको लागि जुनसुकै सार्वजनिक निर्माण कार्यको लागि लागत अनुमान तयार गरी सो बमोजिमको बजेट विनियोजन गरी खरिद व्यवस्थापन गर्नु पर्दछ । | |
| १४.३ | | | **निद्दष्ट फारामहरुको प्रयोगः** पालिकाले विभिन्न योजनाहरुको निर्माण कार्यको खर्च सार्वजनिक सुचना फाराम तथा योजना सम्पन्न प्रतिवेदन, सार्वजनिक सुनुवाई, योजना सम्झौता फाराम लगायतका फारामहरुको विकास गरी प्रयोग गरेको छ । तर प्रयोग गरीएका फाराहरुमा भर्नु पर्ने पूर्ण विवरण भरेको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>सशर्त पुजिगत र अन्य</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>विद्यालय भौतिक संरचना निर्माणः प्रारम्भिक प्रतिवेदन उपर असूल भौचर पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. ७२,००,००० तथा मिति २०७९।१२।२२ को निर्णयबाट रु. १८,००,००० गरी जम्मा रु. ९०,००,०००।-सम्परीक्षण गरिएको ।</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>अनुदान ब्यवस्थापन: कार्यक्रम कार्यान्यिन पुस्तिका २०७८।७९ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०७८।७९ मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।
<table>
<tr><th>सि.न.</th><th>बिद्यालयको नाम</th><th>कार्यक्रमको नाम</th><th>रकम</th><th>कैफिएत</th></tr>
<tr><td>१.</td><td>राष्टिय माध्यामिक बिद्यालय पाताभार</td><td>ICTल्याब स्थापना</td><td>६५००००।००</td><td>बिद्यालयको जिन्सी खातामा स्पेशिफिकेशन खुलाई दाखिला गरेको देखिएन ।</td></tr>
<tr><td>२.</td><td>पारस आधारभुत बिधालय</td><td>ICTल्याब स्थापना</td><td>६५००००।००</td><td>बिद्यालयको जिन्सी खातामा स्पेशिफिकेशन खुलाई दाखिला गरेको देखिएन</td></tr>
<tr><td>३.</td><td>गौरीशैकर आधारभुत बिधालय</td><td>ICTल्याब स्थापना</td><td>६५००००।००</td><td>बिद्यालयको जिन्सी खातामा स्पेशिफिकेशन</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | |
|---|---|---|---|---|
| | | | | खुलाई दाखिला गरेको देखिएन र लगत अनुमान नभएको । |

</td><td></td></tr>
<tr><td>१५.३</td><td></td><td></td><td>

**बितरण कार्यक्रमको अनुगमन भत्ताः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। यस कार्यालयले निम्न कार्यक्रमको अनुगमन भत्ता भनी उपलब्ध गराएको रकम नियम संगत देखिएन अत कार्यालयले नियम बिपरित उपलब्ध गराएको भत्ता असुल गर्नु पर्ने देखिएको रू

| भौचर न | कार्यक्रमको नाम | अनुगमन भत्ता लिनेको संख्या | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ८३।२०७८।८।२४ | वडाका कृषिक लागी पोषण तत्व बितरण | ८ | ८००० | |
| १७३।२०७८।१०।८ | साईकल बितरण | ६ | ६००० | |
| | जम्मा | | १४००० | |

</td><td>१४,०००</td></tr>
<tr><td>१५.४</td><td></td><td></td><td>

**डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जानकि ४ देखि ७ हुदै गोलरी सडक डिपीआर</td><td>प्रशान्त ई.सोलुशन</td><td>३,९४,५९६</td><td>११,१२,३५,५९०</td></tr>
<tr><td>जानकी १ बेलापुरदेखि झष्टी हदै सडक डिपिआर</td><td>मुक्ती टेक्निकल प्रा.लि.</td><td>४,९२,१८२</td><td>१२,६०,५४,८९४</td></tr>
<tr><td>कटाङ्गसे खेलकुद मैदान निर्माण डिपिआर</td><td>भिजनरी डिजाइन प्रा.लि.</td><td>१४,८०,३००</td><td></td></tr>
<tr><td>जानकी गा.पा.को वास वास पलान डिपिआर</td><td>जे.के इन्जिनियरिङ्ग एशोकेटेट प्रा. लि.</td><td>३,९६,६३०</td><td></td></tr>
<tr><td>जानकी ५ पथरैया चोकदेखि जानकी २ परागिपुर जोडने सडक डिपिआर</td><td>शर्मा इन्जिनियरिङ्ग प्रा.लि.</td><td>४,९१,५५०</td><td>४,३४,७६,०९६</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिम कै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
</td><td></td></tr>
<tr><td>१५.५</td><td></td><td></td><td>प्रस्ताव मुल्याङकन :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७६ मा प्राबिधिक प्रस्ताव मुल्याङकन गर्दा मुल्यांकन समितिका प्रत्यक सदस्यले छुटटा छुटै मुल्याङक गरी प्रस्तावदाताले पाप्त गरेको अकं एकिन गर्नु पर्ने ब्यवस्था छ र त्यसरी प्राप्त गरेको अकं औषतमा निकाली एकिन गरी उत्तिर्णाक पाप्त गर्ने प्रस्तावदाताको सुची तयार गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले सो नगरी सयुक्त रुपमा ५ वटा कार्यको समितिले अकं प्रदान गरी सोही अकंलाई आर्थिक प्रस्तावमा समावेश गरेको देखिन्छ । यसरी कानुनमा उल्लेख भएको ब्यवस्था पालना नगरी सोझै मुल्याकंन गरी निधारण गरेको अकं वास्तविक हो भन्न सकिने अवस्था देखिएन । जसले गर्दा परामर्शको पर्स्ताव वास्तबिक प्रतिस्पर्धा भएको हो भन्न सकिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **सशर्त अनुदान (कृषि तथा पशुतर्फ)** | |
| १६.१ | | | **उन्नत वीउ वितरण कार्यक्रमः** गुणस्तरीय बीउ विजनमा कृषकको पहुँच बृद्धि गरी बीउ बिजन आपुर्ति प्रणालीलाई सदृढ गर्ने तथा कृषकालाई प्रदान गर्ने प्रोत्साहन अनुदानलाई पारदर्शी एवम् एकद्धार प्रणाली मार्फत् व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकारले उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। बीउ बिजन उत्पादन, आपुर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को परिच्छेद-४ मा उन्नत बीउ बिजनको प्रयोगमा ५०% अनुदान कार्यक्रम सम्बन्धी व्यवस्था गरेको छ। निर्देशिका अनुसार उन्नत बीउ बिजन वितरक तथा अनुदान प्राप्त गर्न चाहने दुबै पक्षले विद्युतीय बीउ बिजन व्यवस्थापन प्रणाली (डिजिटल इनेबल्ड सीड म्यानेजमेन्ट सिस्टम- डेसिस (DESES)) प्रणालीमा आबद्ध भई खरिद तथा वितरण प्रकृया सम्पन्न गर्नु पर्ने हुन्छ। पालिकाले डेसिस प्रणाली भन्दा वाहिर रही नियमित खरिद प्रकृया बमोजिम शारदा एग्रो फार्म, आयुष एग्रो सेन्टर लगायतका वितरकहरुबाट जम्मा रु. १३,६९,३८०० को गँहुको बीउ खरिद गरेको देखिन्छ। पालिकाले निर्देशिकाले तय गरेको विधिभन्दा वाहिर गई खरिद तथा वितरण प्रकृया पुरा गरेकोलाई नियमसम्मत मान्न नसिकने रकम रु. | १,३६९,३८० |
| १६.२ | | | **साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमः** प्रमुख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरु निर्माण गर्ने उद्देश्यले नेपाल सरकारले स्थानीय तहबाट सञ्चालन हुने गरी साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वय म्यानुअलको परिच्छेद ४ मा पकेट विकास कार्यक्रमका लागि कृषक समुह वा यस्तै कृषि कार्यका लागि संगठित समुह हुनु पर्ने व्यवस्था छ। साथै, पकेट कार्यक्रमको मापदण्ड, आवेदन प्रकृया, लाभग्राही तथा पकेट क्षेत्रको छनौट, सम्झौता, कार्यक्रमको समायवधी लगायतका विभिन्न प्रावधानहरु रहेका छन्।म्यानुअलको बुँदा नं ४.१.१० मा सम्झौता बमोजिम कार्यसम्पन्न भएपश्चात सम्बन्धित लाभग्राहीलाई अनुदान रकम भुक्तानि गर्नु लगायतका व्यवस्थाहरु छन्। पालिकाले आ.व. २०७७/७८ मा स्थापना भएको बंगुरको पकेट विकास कार्यक्रम निरन्तरता अन्तर्गत पालिकाले सम्झौता बमोजमि कार्यसम्पन्न भएको यकिन गरि अनुदान रकम भुक्तानी गर्नुपर्नेमा सो नगरी पालिकाले म्यानुअल विपरित तालिम सञ्चालन, सामाग्री खरिद, ढुवानी, व्यानर छपाई, अनुगमन भत्ता लगायत विभिन्न प्रयोजनमा खर्च गरिएको नियमसम्मत नदेखिएको रु. | ७००,००० |
| १६.३ | | | **बालि विकास कार्यक्रमः** पालिकाले बालि विकास कार्यक्रम अन्तर्गत मकै उत्पादन प्रर्वर्द्धन कार्यक्रम सञ्चालन गरेको गरेको छ। प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ अनुसार यस कार्यक्रम सञ्चालन गर्नु पर्ने हुन्छ।कार्यविधिको दफा २५(४) मा कार्यक्रम संचालनका लागि सम्बन्धित स्थानीय तहको कृषि शाखा प्रमुखले कार्यक्रम विस्तृतीकरण गरेर दफा ९(१) बमोजिमको समितिमा छलफल गरी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यपालिका बैठकबाट स्वीकृत गराई कार्यन्वयन गर्नुपर्ने हुन्छ।कार्यक्रम र बजेट बजेट विस्तृतीकरण गर्दा प्रमुख कृयाकलापहरुभित्र पर्ने गरि विस्तृतीकरण गर्नु पर्ने भनि कार्यक्रम व्यवस्थापन, प्रविधि प्रसार र प्राविधिक सेवा, उन्नत बीउमा अनुदान, साना सिंचाई र अन्य पूर्वाधार निर्माण तथा यान्त्रीकरण सहयोग लगायतका क्रियाकलापहरु तोकिएका छन्।पालिकाले कार्यक्रम सञ्चालन गर्दा कार्यविधिले तय गरेको विधिहरु पुरा नगरी कुल अनुदान रु. २५,००,००० रकमलाई पाँच समुह निर्माण गरि धानको विउ लगायतका कृषि सामाग्री खरिदमा ५०% अनुदान दिएको छ। यसरि पालिकाले गर्नु पर्ने अभिमुखीकरण, अनुगमन, तथ्याङ्क संकलन, प्रविधि तथा बीउ हस्तान्तरण, प्राविधिक सेवा, प्रगति प्रतिवेदन तयारी लगायतका पालिकाले पुरा गर्नु पर्ने दायित्व पुरा नगरेको देखिएकाले कार्यविधिले तोकेका विधिवमोजिम कार्यक्रम सम्पन्न गर्नु पर्दछ। | |
| १७ | | | **सशर्त अनुदान (शिक्षा चालु)**<br><br>नेपालको संविधान, शिक्षा ऐन लगायत शिक्षासँग सम्वन्धित कानून, निर्देशिका, कार्यक्रहरुले शिक्षामा नागरिकको समान पहुँचको सुनिश्चितता, शिक्षालाई बैज्ञानिक, व्यवहारिक, रोजगारमूलक तथा सीपमूलक बनाउदै सक्षम जनशक्ति तयार, शिक्षाको गुणस्तरीयतामा अभिवृद्धी लगायतका उद्देश्यहरु राखेका छन्। संविधानले माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई सुम्पिएको छ। तसर्थ शिक्षा क्षेत्रको विकास विस्तारमा पालिकाहरुको अहम् जिम्मेवारी रहेको हुँदा उनिहरुको क्षमता विकासका लागि नेपाल सरकारले सशर्त अनुदान मार्फत शिक्षा तर्फ वित्तीय हस्तान्तरण गर्दै आएको छ। यस्तो हस्तान्तरीत रकम सम्बन्धित स्थानीय तहले शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन, पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामाग्री, छात्रवृत्ति, दिवा खाजा, परीक्षा सञ्चालन लगाएतका तोकिएका क्षेत्रमा तोकिएको शर्तमा रहि खर्च गर्नु पर्ने हुन्छ। यस पालिकाले आर्थिक बर्ष २०७८/०८९ मा सशर्त अनुदानमा शिक्षा तर्फ लेखिएका खर्च सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ तथा सम्बन्धित कार्यक्रमका कार्यविधिहरुको आधारमा खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु बुँदागत रुपमा रहेका छन्। | |
| १७.१ | | | **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान:** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ बुँदा नं २.७.१३.१३ मा पालिकाले शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न सम्बन्धित विद्यालयसँग सम्झौता गरी अनुदान रकम हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४ (संसोधनसहित) को बुँदा नं ६.५ मा विद्यालयलाई आवश्यक पर्ने सामाग्री खरिद गर्दा विद्यालयले खरिद एकाइ गठन गरी गर्नु पर्ने तथा बुँदा नं ६.३ मा नमुना विद्यालयको व्यवस्थापन, रेखदेख र सञ्चालन गर्न स्थानीय तहको भुमिकाको (ञ) दफामा नमूना विद्यालय विकास योजना कार्यान्वयनका लागि संघीय सरकारबाट प्राप्त रकम सम्बन्धित विद्यालयमा सयम मै निकास गर्नुपर्नु व्यवस्था छ। नमूना विद्यालयमा छनौट भएको जनता नमुना माध्यमिक विद्यालयलाई अनुदानको वापतको रकम भुक्तानी गर्दा पालिकाले नगद अनुदान दिनुपर्नेमा सो सामाग्री खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेको देखिन्छ। कार्यन्वयन पुस्तिका तथा निर्देशिकाले तोकेको कार्यविधि पालना नगरी खर्च गरिएको नियमसम्मत नदेखिएको रकम रु. | ३,०००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७.२</td><td></td><td></td><td>दिवा खाजा: शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को बुँदा नं २.७.११.१ तथा दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका, २०७७ ले सम्बन्धित विद्यालयले दिवा खाजा बनाई प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थिहरुलाई खुवाउनु पर्ने व्यवस्था गरेको छ। पालिकाले दिएको विवरण अनुसार निम्नलिखित विद्यालयहरुले विद्यार्थीहरुलाई खाजा नखुवाई खाजा वापतको रकम नगद हस्तान्तरण गरेको पाईयो:
<table>
<tr><th rowspan="2">क्र.स.</th><th rowspan="2">विद्यालयको नाम,ठेगाना</th><th colspan="3">निकासा रकम</th></tr>
<tr><th>पहिलो किस्ता</th><th>दोस्रो किस्ता</th><th>कूल रकम</th></tr>
<tr><td>१.</td><td>जनता नमूना मा.वि. मुनुवा</td><td>१४६०२५</td><td>१४११५०</td><td>२८७१७५</td></tr>
<tr><td>२.</td><td>राष्ट्रिय आ.वि. खैरेनी</td><td>४९१२५</td><td>४५८८५</td><td>९५०१०</td></tr>
<tr><td>३.</td><td>विन्ध्यवासनी आ.वि. कटासे</td><td>९२१३०</td><td>८१०१५</td><td>१७३१४५</td></tr>
<tr><td>४.</td><td>आदर्श मा.वि. खर्गौली</td><td>९६६६०</td><td>९०७८०</td><td>१८७४४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३८३९४०</td><td>३५८८३०</td><td>७४२७७०</td></tr>
</table>
विद्यालयले खाजा पकाई खुवाउनु पर्नेमा नगद नै हस्तान्तरण गरिएको नियमसम्मत नदेखिएको रकम रु</td><td>७४२,७७०</td></tr>
<tr><td>१७.३</td><td></td><td></td><td>नि:शुल्क पाठ्यपुस्तक वितरण: शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान हस्तान्तरण सम्बन्धी व्यवस्था रहेको छ। यसरी हस्तान्तरण गर्दा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा संख्या यकिन गरि नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले पहिलो किस्तामा ७५% र दोस्रो किस्तामा २५% अनुदान भुक्तानी गर्दा विद्यार्थी संख्याको सत्यापन नगरी भुक्तानी गरेको, विद्यालयबाट पेश भएको वितरण भरपाई र विल भिडान नगरी भुक्तानी गरेको र जसले गर्दा विद्यालयहरुलाई विद्यार्थी संख्या भन्दाबढी पाठ्यपुस्तकको लागि भुक्तानी गएको देखिन्छ। अत: बढी अनुदान हस्तान्तरण हुन गएका विद्यालयहरु</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विद्यार्थि संख्या यकिन गरी बढी हुन गएमा रकम फिर्ता लिने तथा आगामी दिनमा नयाँ शैक्षिक सत्र सुरु भएपछी विद्यार्थी संख्या सत्यापन गराई बाँकी २५% पुरै भुक्तानी नगरी अपुग रकम मात्र आवश्यकता अनुसार भुक्तानी गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>१७.४</td><td></td><td></td><td>एकमुष्ठ अनुदान: शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई बार्षिक रुपमा एकमुष्ठ रु. १० लाख दिने ब्यवस्था छ।साथै, बार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि २०७६ बमोजिम त्यस्तो अनुदान सम्बन्धित विद्यालयले शिक्षक, बालविकास सहजकर्ता र कार्यालय सहयोगीको पारिश्रमिक, विद्यालय व्यवस्थापन, शैक्षिक सामाग्रि लगायतका विषयमा खर्च गर्नु पर्ने हुन्छ र विद्यालयले पालिकाबाट यस शिर्षकमा थप अन्य कुनै अनुदानहरु प्राप्त गर्न सक्दैन्। पालिकाले देहायका विद्यालयहरुलाई प्रति विद्यालय १० लाखका दरले अनुदान दिएको साथै सशर्त अनुदान तथा पालिकाको बजेटबाट पनि प्रारम्भिक बालविकास केन्द्र सहजकर्ता र विद्यालय सहयोगीका लागि दिईने पारिश्रमिक र सुविधा निरन्तर भुक्तानी गरेको पाईयो:
<table>
<tr><th>विद्यालयको नाम</th><th>बालविकास सहजकर्तालाई गएको भुक्तानी</th><th>कार्यालय सहयोगीलाई गएको भुक्तानी</th><th>जम्मा रकम</th></tr>
<tr><td>श्री रुकमणि आ.वि. जानकी</td><td>१,०६,०००</td><td>३२,०००</td><td>१,३८,०००</td></tr>
<tr><td>श्री हिरा आधारभुत विद्यालय जानकी</td><td>१,०६,०००</td><td>३२,०००</td><td>१,३८,०००</td></tr>
<tr><td>श्री मुक्त कमैया बाल संरक्षण आधारभुत विद्यालय जानकी</td><td>१,०६,०००</td><td>३२,०००</td><td>१,३८,०००</td></tr>
</table></td><td>४१४,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ४,१४,०००<br>पालिकाले यसरी कार्यविधि विपरित भुक्तानी गर्दा सम्बन्धित शिर्षकमा खर्च गर्ने रकम अपुग भई अन्य कृयाकलापहरुको प्रभावकारीतामा समेत असर पुग्न सक्ने भएकाले वालविकास सहजकर्ता तथा कार्यालय सहयोगीको लागि भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असुलउपर गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रकम रु. | |
| १७.५ | | | **विद्यार्थी संख्याको सत्यापन**: शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ।यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ।यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ। | |
| १७.६ | | | **अनुगमन र प्रतिवेदन**: अनुदान दिईएपछी त्यस अनुदानको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्नुपर्ने हुन्छ।सशर्त अनुदानमा अनुदान दिनुको निश्चित उद्देश्य रहन्छ र त्यसका लागि शर्तहरु तोकिएका हुन्छन्। शर्त बमोजिम कार्यहरु भए नभएको यकिन गर्न सशर्त अनुदानमा अनुगमनको झनै महत्व रहन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अन्तर्गत रहेका अधिकाम्स कार्यक्रमहरुले अनुदान दिईएपछी आवधिक रुपमा अनुगमन गरि त्यसको प्रतिवेदन तयार गर्नुपर्ने साथै अनुदान प्राप्त गर्ने विद्यालयले पनि तोकिएको समयमा पालिकालाई प्रतिवेदन गर्नु पर्ने व्यवस्था गरेको छ। सूचकमा आधारित अनुगमनले कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउनुको साथै आगामी दिनहरुमा कार्यक्रम थप सुधार गर्न मद्दत पुग्ने हुन्छ। पालिकाले विद्यालयहरुलाई अनुदान दिएको तर तोकिएको समयमा गर्नु पर्ने अनुगमन र विद्यालयहरुले गर्नु पर्ने प्रतिवेदन गरेको पाईएन।अतः पालिकाले अनुगमन तथा प्रतिवेदनलाई कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरुप सम्पन्न गर्नु पर्ने देखिन्छ। | |
| १८ | | | **सशर्त अनुदान चालु (स्वास्थ्य तर्फ)** | |
| १८.१ | | | **अ.न.मि.को पारिश्रमिकः** प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२ ।२० को निर्णयबाट रु. १,५४,४४० ।-सम्परीक्षण गरिएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८.२ | | | **पालिका स्तरीय स्वास्थ्य कार्यक्रम सञ्चालन**: स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक बर्ष २०७८/७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ्ग तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपिडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्बन्धि विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। यस्ता कार्यक्रमहरु यस कार्यविधिले तोकेका शर्तहरुमा रही कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी प्रतिवेदन पनि अनिवार्य रहन्छ। एक कार्यक्रम भित्र बिभिन्न कृयाकलापहरु रहन्छन्। ती अन्तरसम्बन्धित रहन्छन् र सबै क्रियाकलापहरु सम्पन्न भएपछिमात्र उक्त कार्यक्रमले सार्थकता पाउछ। पालिकाले एक क्रियाकलाप गरी अन्य क्रियाकलापहरुलाई निरन्तरता नदिई बीचैमा छोड्ने, एक क्रियाकलापमा बढी खर्च गरी अन्य क्रियाकलापहरुको लागि बजेट अपुग गराई कार्यक्रम अधुरै राख्ने, कार्यविधिले नभनेका अनावश्यक कार्यहरुमा समेत खर्च गर्ने लगायतका कमजोरीहरु गरेको देखिन्छ । त्यस्तै, मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्यांकन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैन। यस्ता प्रवृत्तीले समग्र स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुनै कमोजर हुने र अपेक्षित लाभ प्राप्त हुन नसक्ने जोखिम रहन्छ। अतः पालिकाले स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीताको लागि हरेक कार्यक्रमहरुको ब्रकेडाउन गरी सोहि अनुरुप कार्यक्रम कार्यन्वयनलाई अनिवार्यता गर्ने, कार्यक्रमका सवै क्रियाकलापहरु सम्पन्न गर्ने तथा कार्यविधिले भने बमोजिम अनुगमन गरी प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नु पर्ने देखिन्छ। | |
| १९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**:<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र प्रतिवेदन गर्ने भूमिका रहेको छ। कार्यालयले धेरै संख्यामा योजना छनौट गरेको र त्यस्ता योजनाहरु पूर्वाधार एवम् अन्य विकास निर्माण प्रकृतिका नभई अनुत्पादनमुलक कार्य गराउने गरी छनौट गरेको देखिन्छ। योजनाहरुको अनुगमन तथा मुल्यांकन प्रणाली, प्रतिवेदन गर्ने कार्यपनि प्रभावकारी रुपमा सम्पन्न गरिएको देखिएन। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कुलो मर्मत, सरसफाई, बाटो मर्मत कार्य लगायतका १४ वटा कार्यक्रमहरु सञ्चालन गरी १४३ जनालाई रोजगारी उपलव्ध गराई ५ दिन देखि ९९ दिनसम्म कार्य गराई रु. ६७,९७,६३७ खर्च गरेको देखिन्छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। | |
| २० | | | **चालुतर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.१ | | | **सफ्टवेयर खरिदः–** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु. ९,९२,२०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नु पर्दछ ।<br><br>**सफ्टवेयरको नाम** \| **प्रयोजन** \| **रकम रु.**<br>Easy School management software \| शिक्षा शाखाको कार्यहरुको व्यवस्थापन \| ४९५०००<br>योजना व्यवस्थापन प्रणाली सफ्टवेयर \| योजना शाखाका कार्यहरुको व्यवस्थापन \| ४९७२००<br>जम्मा \| \| ९,९२,२०० | |
| २०.२ | | | **गत वर्षको भुक्तानीः**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु. ३,५३,३५६ भुक्तानी दिएको छ । तसर्थ, यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.<br><br>**सि.नं.** \| **भौ.नं.र मिति** \| **विवरण** \| **रकम रु.**<br>१ \| १०४।०७८।६।१३ \| कुमुद खाजा घरको खानाको बील \| १८३५५५<br>२ \| २९९।०७८।७।१७ \| अंकित एण्ड अनित होटलको खानाको बील \| १६९८०१<br>जम्मा \| \| \| ३,५३,३५६ | ३५३,३५६ |
| २०.३ | | | **स्रेस्ता पेश नभएकोः** सुदूरपशचिम प्रदेश आर्थिक कार्यविधि निमावली, २०७६ को दफा ३७ (८) बमोजिम कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ। खर्च भएको सबै रसिद बिल भरपाईहरुमा सिलसिलेबार नम्बर कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था | ९९१,२४९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>छ । पालिकाको समानिकरण चालुको बैंक नगदी किताब अनुसार खर्च भएको तर गोश्वारा भौचर र सो खर्चलाई पुष्ट्याई गर्ने कागजात संलग्न नराख्रेलाई जिम्मेवार बनाई रु. ९,९१,२४९ कागजात पेश नभएकोले श्रेस्ता पेश हुनुपर्ने अन्यथा असूलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>प्रयोजन</th><th>रकम रु.</th></tr>
<tr><td>११।०७८।६।७</td><td>बोलपत्र मूल्याङ्कन समितिको बैठक सम्बन्धि खर्च</td><td>९००००</td></tr>
<tr><td>२०८।०७८।६।२५</td><td>बैठक भत्ता सम्बन्धी खर्च</td><td>३००००</td></tr>
<tr><td>२२९।०७८।७।७</td><td>बैठक भत्ता सम्बन्धी खर्च</td><td>६०३५०</td></tr>
<tr><td>३३३।०७८।८।३</td><td>कम्प्युटर सामाग्री खरिद</td><td>९२८००</td></tr>
<tr><td>३३४।०७८।८।३</td><td>कम्प्युटर सामाग्री खरिद</td><td>९८१००</td></tr>
<tr><td>३८७।०७८।८।१३</td><td>कार्यालय सामाग्री मसलन्द</td><td>४०९९९</td></tr>
<tr><td>९९८।०७८।११।३०</td><td>बैठक भत्ता सम्बन्धी खर्च</td><td>६२०००</td></tr>
<tr><td>१०४१।०७८।१२।२</td><td>कृत्रिम गर्भाधान तालीम</td><td>७५०००</td></tr>
<tr><td>१२२७।०७८।१२।२८</td><td>गाउँसभा बैठक सञ्चालन</td><td>३२३०००</td></tr>
<tr><td>१२७४।०७९।१।६</td><td>पत्रिका सम्बन्धी</td><td>५४०००</td></tr>
<tr><td>१५७८।०७९।३।२२</td><td>परिचयपत्र वितरण कार्यक्रम</td><td>६५०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९,९१,२४९</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.४</td><td></td><td></td><td>दोहोरो भत्ताः निम्नानुसारको कर्मचारीहरुको भ्रमण अभिलेख किताबबाट हेर्दा दैनिक भ्रमणमा गएको देखिएको समय अवधिमा फिल्ड भत्ताको रकम बुझेको पाइएकोले दोहोरो भत्ता बापतको कर कट्टि पछि असूल गरी रु. ८,३०९ दाखिला गर्नुपर्ने देखिएको रु.</td><td>८,३०९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>करकट्टि पछि असूल हुने रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>५</td><td>हरिप्रिया जोशी (स.ई.)</td><td>२७०९</td><td></td></tr>
<tr><td>७</td><td>नम्रता विष्ट (अ.स.ई.)</td><td>१३००</td><td></td></tr>
<tr><td>८</td><td>देवकृष्ण रेग्मी (खा.पा.सा.टे.)</td><td>४३००</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८,३०९</td><td></td></tr>
</table>
प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२ ।२० को निर्णयबाट रु. ३९,३८४।- सम्परीक्षण गरिएको ।
</td><td></td></tr>
<tr><td>२०.५</td><td>१३६५</td><td>२०७९-१-२१</td><td>तालीम कार्यक्रमः आर्थिक कार्यविधि तथा वित्तीय नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।पालिकाले जानकी खबरलाई आधारभूत पत्रकारिता तालीमका लागि रु. १,००,००० को भुक्तानी दिएकोमा उक्त तालीम कार्यक्रमको खर्चको विवरण तथा प्रमाण कागजात समेत पेश नगरकोमा अनियमित देखिएको रु.</td><td>१००,०००</td></tr>
<tr><td>२०.६</td><td></td><td></td><td>छाडा चौपाया तथा काञ्जी हाउसः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापन कार्यक्रममा हेरालु ज्याला, हेरालुलाई खाजा खर्च, पशु चौपायलाई पराल खरिद, गाई वस्तुको लागि औषधि खरिद तथा अन्य व्यवस्थापनको लागि रु. ४,७६,१४० खर्च गरेको छ। यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रुपमा विनियोजन गरिएको रकम स्वेच्छिक रुपमा ज्याला, औषधि, पराल खरिद तथा गाई व्यवस्थापनमा भएको छ। पालिका अन्तर्गत सञ्चालित काञ्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन । कर्मचारी नै राखि काञ्जि हाउस व्यवस्थापन गरेको भनि खर्च लेखेकोमा उक्त काञ्जि हाउसबाट संकलित पशु मल, दुधजन्य सामाग्री विक्रि गरि आय आर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिंदैन । अतः पालिकाबाट अनुगमन गर्ने तथा काञ्जी हाउसबाट आय आर्जन गर्नेतर्फ जोड दिनु पर्दछ । काञ्जीहाउसबाट छाडा चौपया नियन्त्रण भएको सम्बन्धमा अनुगमन गरी खर्चको सदुपयोग भएको सुनिश्चित हुनुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.७ | | | **सवारी भाडाः** सवारी भाडाको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रत्येक वर्ष प्रकाशन गरेको जिल्ला दररेटको आधारमा दरी तय गरी हुनुपर्नेमा पालिकाले बिभिन्न कार्यालय प्रयोजन तथा अन्य प्रयोजन भनी सवारी भाडा बापत रु. २९,११,४७७ भुक्तानी गरेको देखियो। सवारी भाडा सम्झौता पत्र गर्दा जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा मात्र लिनु पर्दछ । कार्यालयमा सवारीसाधन भएको अवस्थामा पनि सवारी साधन भाडामा लिएको भएमा सवारी साधन चलेको स्थान, गुडेको किमि, प्रयोजन, सवार पदाधिकारी नखुलाई खर्च भुक्तान गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ। | |
| २०.८ | | | **शिक्षकको तलब भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ६२ नीजि शिक्षकलाई रु. ४४,८०,००० तलब भुक्तान गरेको पाइयो । सशर्त अनुदानबाट तलब भत्ताको व्यवस्था भएकोमा आन्तरिक स्रोतबाट खर्च लेख्ने कार्य नियमसम्मत देखिएन । पालिकाले भौ.नं. १५४४ बाट सरस्वती मा.वि.लाई समानीकरण शीर्षकबाट नीजि शिक्षकको लागि रु. १,५६,००० भुक्तानी दिएको अनियमित देखिएको रु. | १५६,००० |
| २०.९ | ६८७ | २०७८-९-२९ | **कर कट्टि नभएकोः** आयकर ऐन, २०५८ को दफा ८७,८८,८९ बमोजिम विलको भुक्तानीको अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामूदायिक रेडियो टिकापुर एफ.एम.१०१ मेगाहर्जलाई भुक्तानी गर्दा भ्याटमा दर्ता नभएको तर ९६,००० भुक्तानी गरेकोले १५% को रु. १४,४०० कर कट्टि गर्नुपर्नेमा १.५% को रु. १४४० कर कट्टि गरेकोले नपुग कर कट्टि रु १२९६० उक्त एफ एम बाट असूल गरी दाखिला गर्नुपर्ने रु. | १२,९६० |
| २०.१० | १०२१ | २०७८-१२-२ | **परामर्श सेवाः-** सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिमको कार्य परामर्शदाताबाट गराएको छ । पालिकाले यस्तो कार्य गराउँदा लागत अनुमान बेगर नै सम्झौता गरी देहाय बमोजिम रु. ४,९१,५५० खर्च गरेको छ । यस्तो परामर्श सम्बन्धी कार्य मितव्ययी तथा प्रभावकारी तरिकाले पालिकास्तरबाट सम्पादन गर्नु पर्दछ ।<br><br>**विवरण** — **भुक्तानी रकम रु.** — **कैफियत**<br>सामाजिक समावेशीकरण नीति र गाउँपालिकाका आयोजनाहरुको मर्मत — ४,९१,५५० — | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्भार तथा सञ्चालन सम्बन्धी कार्यविधि (समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर) | |
| २०.११ | | | **अन्य संस्थालाई भुक्तानी**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । जसबाट अन्य संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनु पर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु. ५,७८,९०० रकम भुक्तानी भएको छन् । यस्तो वितरणको खर्च नियन्त्रण गर्नुपर्दछ। केहि उदाहरणहरु: | |

| सि.नं. | संस्थाको नाम | प्रयोजन | अनुदान रकम रु. |
|---|---|---|---|
| १ | सुदूरपशचिम साहित्य समाज कैलाली | कार्यक्रम बापत | १००००० |
| २ | जानकी खबर साप्ताहिक पत्रिका | कार्यक्रम बापत | ५०००० |
| ३ | टिकापुर युवा क्लब | कार्यक्रम बापत | ५०००० |
| ४ | सदभावना युवा क्लब | खेलकुद कार्यक्रम | १२४००० |
| ५ | इलाका प्रहरी कार्यालय टिकापुर | सवारी मर्मत | २५४९०० |
| **जम्मा** | | | ५,७८,९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.१२ | | | **तालीम तथा कार्यक्रम सञ्चालन**: अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ (आठौं संस्करण) को ७.१.१५ अनुसार तालीम तथा कार्यक्रम गर्दा लाग्ने खर्चको अनुसूची तथा विवरण अनुसार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको बमोजिमको कार्यक्रम तथा तालीम गर्दा निर्देशिकामा भएको व्यवस्था बमोजिमको खर्च गरिने लागत अनुमान सहितको नर्मस तयार नगरी बिभिन्न संस्थासँग कोटेशनमा माग तथा सम्झौता पत्रको आधारमा तालीम तथा कार्यक्रम सञ्चालन गरेको पाइयो । यस्तो तालीम वा कार्यक्रम निर्देशिका अनुसारको लागत अनुमान सहितको प्रस्ताव जिम्मेवार व्यक्तिबाट स्वीकृत गराई मात्र खर्च गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका हेर्नुहोस्) | |

| क्र.सं. | भौ.नं.र मिति | संस्थाको नाम | तालीम वा कार्यक्रमको नाम | खर्च रु. |
|---|---|---|---|---|
| १ | ९१०।०७८।११।१३ | वातावरणीय संरक्षण नेपाल | अगरबती र मच्छरधुप बनाउने तालीम | १२५२२५ |
| २ | ९११।०७८।११।१३ | वातावरणीय संरक्षण नेपाल | युवाहरुलाई पत्रकारिता तथा उद्घोषणा तालीम | १००००० |
| ३ | ९५२।०७८।११।२६ | देव बहुसीप तालीम केन्द्र प्राइभेट लि. | महिलाहरुलाई माला बनाउने तालीम | १५०००० |
| ४ | ११७०।०७८।१२।२१ | महिला विकास मञ्च | महिलाहरुलाई सीप विकास तालिम | २००००० |
| ५ | १३८६।०७९।२।१३ | वातावरणी संरक्षण नेपाल | पावर ट्रिलर मर्मत तालीम | १४७५०० |
| ६ | १५५४।०७९।३।२१ | टिकापुर टेक्निकल गुड्स प्रा.लि. | कम्प्युटर तालीम कार्यक्रम | २००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.१३ | | | **वितरण भरपाईः** सुदूरपशचिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । देहाय अनुसारको कार्यक्रममा वितरण गरेको भरपाई पेश नभएकोले भरपाई रु.८८,१४० को प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | ८८,१४० |

| भौ.नं.र मिति | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| ५०६।०७८।९।६ | कम्बल | ८८,१४० | २६ पिस कम्बल वितरण गरेको भरपाई पेश भएको पाइएन । |

प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।२२ को निर्णयबाट रु. ९८,३१०।- सम्परीक्षण गरिएको ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०.१४</td><td></td><td></td><td>लागत अनुमान नभएकोः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) बमोजिम रु. १ लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहाय बमोजिम खरिद गरे बापत रु. १२,८२,५६७ भुक्तानी गरेकोमा सोको लागत अनुमान तयार पारेको छैन। तसर्थ, लागत अनुमान बिना भुक्तानी भएको लागत यकीन गर्न सकिएन। वृत्तचित्र मात्र तयार गर्ने, यस्ता अनुत्पादक खर्चमा नियन्त्रण नहुने तथा वितरणमुखी कार्यले उत्पादन बृद्धि विकास वा रोजगारीमा योगदान हुने अवस्था देखिदैन्।
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१</td><td>२४१।०७८।७।११</td><td>वडास्तरीय भिडियो प्रस्तुतीकरण वृतचित्र निर्माण (एम.पी.मिडिया प्रा.लि.)</td><td>१०००००</td></tr>
<tr><td>२</td><td>१३७२।०७९।२।११</td><td>सि.सि.क्यामेरा जडान मतगणना स्थलको लागि (केशव इन्टरनेशनल प्रा.लि.)</td><td>४९२५६७</td></tr>
<tr><td>३</td><td>१३९१।०७९।२।१३</td><td>वृतचित्र निर्माण (एम.पी.मिडिया प्रा.लि.)</td><td>१०००००</td></tr>
<tr><td>४</td><td>१५०२।०७९।३।१०</td><td>कृषि वृतचित्र निर्माण (सुदर्शन समाज नेपाल)</td><td>२९५०००</td></tr>
<tr><td>५</td><td>१५०४।०७९।३।१०</td><td>स्वास्थ्य वृतचित्र निर्माण (चुरे मिडिया प्रा.लि.)</td><td>२९५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१२,८२,५६७</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.१५</td><td></td><td></td><td>अनुदानबाट वितरणमुखी कार्यक्रमः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यक्रम गर्दा बढी उत्पादनमुखी, प्रभावकारी तथा छिटो प्रतिफल दिने खालको कार्यक्रममा पालिकाले अनुदान दिन सक्ने व्यवस्था छ । पालिकाले बिभिन्न वडाहरुको लागि कुखुरा वितरण, ब्लाङ्किट वितरण, टर्च लाइट, सुटिङ्ग तथा सटिङ्ग वितरण, साइकल वितरण, मोबाइल वितरण, कम्बल वितरण इत्यादि समेतका कार्यक्रमहरुमा आफ्नो आन्तरिक आय शीर्षकबाट खर्च गर्नुपर्नेमा अनुदान शीर्षकबाट रु. ३०,८१,२१३ खर्च गरेको नियमसम्मत देखिएन । केहि उदाहरणहरु</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (नेस्टेड तालिका तल) | |

| भौ.नं.र मिति | कार्यक्रमको नाम | भुक्तानी रकम रु. | कैफियत |
|---|---|---|---|
| ४०३।०७८।८।१४ | कुखुरा वितरण कार्यक्रम | ५००००० | गर्भवती तथा सुत्केरी महिलालाई |
| ६०८।०७८।९।२५ | कम्बल वितरण कार्यक्रम | ४७१७५६.९२ | जेष्ठ नागरिकलाई |
| १२७५।०७९।१।६ | कुखुरा वितरण कार्यक्रम | ४५०००० | एकल महिलालाई |

यस्ता अनुत्पादक तथा वितरणमुखी कार्यक्रम राख्नु उचित देखिदैन।

२०.१६ **प्रमाण कागजात बेगर भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (३) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीहरु कैफियतमा उल्लिखित प्रमाण बेगर भुक्तानी दिएको देखियो । अतः बजेट खर्च गर्दा यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ ।

| सि.नं. | भौ.नं.र मिति | नाम | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | २९४।०७८।७।१६ | | अध्यक्ष कप पालिका स्तरीय खेलकुद कार्यक्रम | १०००००० | कार्यक्रमको लागत अनुमान सहितको नर्मस पेश भएको पाइएन । |
| २ | ३९६।०७८।८।१३ | | प्रथम वडाध्यक्ष वडास्तरीय खेलकुद कार्यक्रम | १३०००० | कार्यक्रमको लागत अनुमान सहितको नर्मस पेश भएको पाइएन । |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>७००।०७८।९।२९</td><td></td><td>पाश्वचित्र तथा क्यामरा सम्बन्धी ५ दिने आधारभूत तालीम</td><td>९९९००</td><td>तालीम कार्यक्रमको हाजिरी विवरण पेश भएको पाइएन ।</td></tr>
<tr><td>४</td><td>११९१।०७८।१२।२४</td><td>पब्लिक कम्प्युटर प्रशिक्षण केन्द्र</td><td>युवाहरुलाई डिप्लोमा कम्प्युटर तालीम</td><td>२५००००</td><td>कार्यक्रम तथा प्रशिक्षकको लागत अनुमान सहितको नर्मस पेश भएको पाइएन ।</td></tr>
<tr><td>५</td><td>१५५२।०७९।३।२०</td><td>नेत्र प्रसाद जैसी</td><td>जोखिम समुदायमा पूर्व तयारी प्राथमिक उपचार तथा खोज उद्दार तालीम</td><td>३०००००</td><td>कार्यक्रमको लागत अनुमान सहितको नर्मस पेश भएको पाइएन ।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.१७</td><td>१२२५</td><td>२०७८-१२-२५</td><td>प्रतिलिपिको आधारमा भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम प्रतिलिपिको आधारमा भुक्तानी गरेको रु. १,५०,६०६ को सक्कल बील भरपाई पेश हुनुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>मनमैजु मिडिया हाउस प्रा.लि.</td><td>१,५०,६०६</td><td></td></tr>
</table>
</td><td>१५०,६०६</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>आन्तरिक आयतर्फ</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>आन्तरिक आय तथा व्यवस्थापन सम्बन्धीः गाउँपालिकाले वातावरणीय प्रभाव मुल्याङ्कनको आधारमा आन्तरिक आयको व्यवस्थापन गर्नु पर्ने व्यवस्था बमोजिम श्री शोभा इन्जिनियरिङ्ग कम्पनीबाट IEE प्रतिवेदन लिइ कर्णाली नदीको विभिन्न ५</td><td>२,६२५,६२२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वटा स्थानबाट कुल ८०९९७ घन मिटर परिमाणको ढुङ्गा गिट्टि वालुवाको उत्खनन गर्न गरीएको सिफारिसलाई आधार मानी सोही बमोजिम आन्तरिक आय ठेक्काको व्यवस्थापन गरेको छ । विद्युतिय बोलपत्रको माध्यमबाट गरीकएको ठेक्का व्यवस्थापनमा ४ वटा बोलपत्रदाताले भाग लिएको पाइयो। पेश हुन आएका बोलपत्रदाताहरु मध्ये निर्माण व्यवसायी श्री मंगलासैनी विल्डर्स एण्ड सप्लायर्स ले कबोल गरेको रु. १,४८,३८,१७८.०३ (मु अ कर समेत) सबैभन्दा बढी भएतापनि उक्त ठेकेदार कम्पनीले सम्झौंता गर्न नआएकोले दोस्रो सबैभन्दा बढी कबोल गर्ने ठेकेदार कम्पनी श्री सुयोग निर्माण सेवाले कबोल गरेको रु. १,१३,१२,५५५.४३ मा ठेक्का सम्झौंता गरेको देखिन्छ। यसरी सबैभन्दा बढी कबोल गर्ने ठेकेदारको कबोल रकम र दोस्रो सबैभन्दा धेरै कबोल गर्ने ठेकेदार कम्पनीले कबोल गरेको रकमको बिचमा रु. ३५,२५,६२२.६० को फरक देखिन्छ । सबैभन्दा बढि कबोल गर्ने ठेकेदार कम्पनीले सम्झौंता गर्न नआउँदा सोको धरौटी रु. ९,००,०००.०० जफत गरे पश्चात समेत पालिकालाई रु. २६,२५,६२२.६० घटी आम्मदानी भएको छ। यद्यपि पालिकाले बढी कबोल गर्ने ठेकेदार कम्पनीलाई कालोसुचिमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरेको देखिएन । घटी आम्दानी भएको रकम बढी कबोल गर्ने मंगलासैनी विल्डर्सबाट असुलउपर गर्नुपर्ने रु. | |
| २१.२ | | | **ढिलो गरी राज्शव रकम दाखिलाः** कर्णाली नदीका विभिन्न स्थानहरुबाट उत्खनन र विक्री गर्ने प्रयोजनार्थ ठेक्का सम्झौता भएको सुयोग निर्माण सेवाको कबोल गरेको रकम रु १,१३,१२,५५५.४३ (मुल्य अभिवृद्धि कर समेत) रहेको छ । सो ठेकेदार कम्पनीले मुल्य अभिवृद्धि कर रकम बाहेकको कबोल रकम रु १००११११११।०० को ५० प्रतिशतले हुने रकम रु ५००५५५५।५० मिति २०७८।०८।२९ मा जम्मा गरी बाँकी रकम रु. ५००५५५५।५० को बैक जमानत रकम राखी सम्झौंता गरेको छ । सो ठेकेदार कम्पनीले सम्झौंता बमोजिमको दोस्रो किस्ता वापतको रकम विभिन्न मितिमा गरी चार पटकमा मिति २०७८।०३।०५ सम्ममा जम्मा गरेको देखिन्छ। यसरी सम्झौताको समायवधि भन्दा ढिलो गरी विभिन्न मितिमा जम्मा भएको राजश्व रकम ढिलो भएको समयको १० प्रतिशतको दरले व्याज रकम समेत यकिन गरि सम्बन्धित ठेकेदारबाट असुल हुनुपर्दछ । | |
| २१.३ | | | **मुल्य अभिवृद्धि कर रकम दाखिलाः** कर्णाली नदीका विभिन्न स्थानहरुबाट उत्खनन र विक्री गर्ने प्रयोजनार्थ ठेक्का सम्झौता भएको सुयोग निर्माण सेवाको कबोल गरेको रकम रु १,१३,१२,५५५.४३ (मुल्य अभिवृद्धि कर समेत) रहेको छ । सो ठेकेदार कम्पनीले मुल्य अभिवृद्धि कर रकम बाहेकको कबोल रकम रु १००११११११।०० पालिकाको बैक खातामा जम्मा गरेको देखिन्छ । पालिकाले दिएको विवरण अनुसार सो ठेकेदार कम्पनिले सम्झौंता बमोजिमको मुल्य अभिवृद्धि कर रकम रु १३०१४४४।४३ को कर समायोजन पत्र लेखापरीक्षणको समयमा प्राप्त हुन आएको छ । कानुन बमोजिमको व्यवस्थाको पुर्णरुपमा पालना गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २१.४ | | | **वार्षिक प्रतिवेदन पेश नभएकोः** पालिकाले वातावरणीय प्रभाव मुल्याङ्कनको आधारमा आन्तरिक आयको व्यवस्थापन गर्नु पर्ने व्यवस्था बमोजिम श्री शोभा इन्जिनियरिङ्ग कम्पनीबाट IEE प्रतिवेदन लिइ कर्णाली नदीको विभिन्न ५ वटा स्थानबाट कुल ८०९९७ घन मिटर परिमाणको ढुङ्गा गिट्टि वालुवाको उत्खनन गर्न गरीएको सिफारिसलाई आधार मानी सोही बमोजिम आन्तरिक आय ठेक्काको व्यवस्थापन गरेको छ । विद्युतिय बोलपत्रको माध्यमबाट गरीकएको ठेक्का | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्यवस्थापनमा ४ वटा बोलपत्रदाताले भाग लिएको पाइयो ।पेश हुन आएका बोलपत्रदाताहरु मध्ये निर्माण व्यवसायी श्री मंगलासैनी विल्डर्स एण्ड सप्लायर्स ले कबोल गरेको रु.१,४८,३८,१७८.०३ (मु अ कर समेत) सबैभन्दा बढी भएतापनि उक्त ठेकेदार कम्पनीले सम्झौता गर्न नआएकोले दोस्रो सबैभन्दा बढी कबोल गर्ने ठेकेदार कम्पनी श्री सुयोग निर्माण सेवाले कबोल गरेको रु.१,१३,१२,५५५.४३ मा ठेक्का सम्झौता गरेको देखिन्छ ।ठेक्का सम्झौता पश्चात कुन स्थानबाट कति उत्खनन भयो कति रोयल्टिका रसिदहरु प्रयोग भए यी कुराहरुको नियन्त्रण गर्नको लागि पालिकाले आम्दानी रसिद नियन्त्रण खाताको प्रयोग गरी अभिलेख व्यवस्थित गरेको पाइएन । यसर्थ यो ठेक्कामा कति उत्खनन भयो भनी अनुगमन प्रतिवेदन तथा रोयल्टीको रसिद नियन्त्रण खातालाई व्यवस्थित नगरेकोले सो सम्बन्धमा आश्वस्तता हुन सकिएन । आन्तरिक आम्दानिलाई थप व्यवस्थित गर्नको लागि पालिकाले ध्यान दिनु जरुरी छ ।</td><td></td></tr>
<tr><td>२१.५</td><td></td><td></td><td>अन्य क्षेत्रको आन्तरिक आम्दानीः पालिकाले ढुङ्गा गिट्टि बालुवाको उत्खनन तथा विक्रि सम्बन्धिको बाहेक अन्य आम्दानी पनि गरेको छ । दैनिक रुपमा प्रवाह हुने सेवाको शुल्क, इट्टा भट्टाबाट आम्दानी, क्रसर उद्योग सञ्चालन वापतको शुल्क,उद्योग दर्ता लगायतका क्षेत्रहरुबाट आम्दानी गरेको छ । प्राप्त विवरण अनुसार क्रसर उद्योगको दर्ता तथा नविकरण शुल्क वापत रु ५५०००।०० प्राप्त गरेको छ ।यद्यपी निकासी कर, कवाडी कर, हाट वजार कर लगायतका क्षेत्रहरुलाई करको दायरामा ल्याउन सकेको देखिँदैन । पालिकाको प्रत्येक वडाको समेत प्राप्त हुनुपर्ने र प्राप्त भएको राजस्व सम्बन्धमा कार्यलयले परीक्षण गरी भिडान गरेको छैन। साथै राख्नु पर्ने म.ले.प फाराम समेत राखेको छैन्। अत: समतामैत्री करदातामैत्री सहभागितामुलक र पारदर्शि कर प्रणालीको विकास गर्दै करको दायरा बढाउने तर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>सोझै खरिद<br><br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर रु. ९२,७८,४८३ को सोझै खरीद गरेको पाइयो । प्रतिष्पर्धा नगरी सोझै खरिद गर्ने कार्य अनियमित देखिएको रु.<br><br><table><tr><th>गो.भौ.नं. मिति</th><th>खरीद गरेको फर्म</th><th>सामानको विवरण</th><th>रकम रु.</th></tr><tr><td>५८।०७८।६।८</td><td>मुबि मोबाइल सप</td><td>कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी</td><td>२७९८४०</td></tr></table></td><td>९,२७८,४८३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ६१।०७८।६।१० | स्काई कम्प्युटर्स | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | ४२०८५० | |
| | | | ६३।०७८।६।१० | आर. के. इन्फोटेक | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | २८७३०० | |
| | | | ६६।०७८।६।१० | आर.जे.कम्प्युटर | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | ११७१०० | |
| | | | ६८।०७८।६।१० | सोनी गुड्स सप्लायर्स | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | १३६८५० | |
| | | | ७०।०७८।६।१० | एल.वि.कम्प्युटर सेन्टर | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | १९६६२० | |
| | | | ७४।०७८।६।१० | आयुष कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | १९९३३२ | |
| | | | १२६।०७८।६।१९ | ओमेश्वरी सप्लायर्स | कार्यालय सामाग्री मसलन्द | ४११६३१ | |
| | | | १३१।०७८।६।१९ | हेलिना कम्प्युटर्स | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | १३१४०० | |
| | | | १३२।०७८।६।१९ | निश्चल खुद्रा पसल | कार्यालय सामाग्री मसलन्द | ११८८१० | |
| | | | १३३।०७८।६।१९ | ए. आर. कम्प्युटर्स | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | १००६५० | |
| | | | १३५।०७८।६।१९ | सोनी गुड्स सप्लायर्स | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | १०३१५० | |
| | | | १३६।०७८।६।१९ | निश्चल खुद्रा पसल | कार्यालय सामाग्री मसलन्द | १११२६५ | |
| | | | १६५।०७८।६।२२ | यशोभूमि पुस्तक एण्ड स्टेशनरी पसल | कार्यालय सामाग्री मसलन्द | २३१०५५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| ३११।०७८।७।२९ | सेती मोटरसाइकिल अटो सर्भिस | सवारी मर्मत | २४२६३० |
| ३३०।०७८।८।२ | एल.वि.ट्रेड लिङ्क | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | ११७३१५ |
| ३५६।०७८।८।६ | जि.पि.ल्यापटप मर्मत एण्ड इलेक्ट्रोनिक्स पसल | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | २०९५०० |
| ३५७।०७८।८।६ | एन.के.डि.जे.कम्प्युटर एजुकेशन होम | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | १७२६२५ |
| ३९४।०७८।८।१३ | निश्चल खुद्रा पसल | कार्यालय सामाग्री मसलन्द | १५३१२० |
| ३९९।०७८।८।१३ | सि.एम.मेशिनरी ट्रेडर्स | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | २१०१५० |
| ४००।०७८।८।१३ | स्काई कम्प्युटर्स | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | २०९३५० |
| ४०२।०७८।८।१४ | ज्योति बुक्स एण्ड स्टेशनर्स | कार्यालय सामाग्री मसलन्द | २१८६०० |
| ४२४।०७८।८।१९ | न्यू प्रतिभा बुक्स एण्ड स्टेशनर्स | कार्यालय सामाग्री मसलन्द | २५५०५७ |
| ५०३।०७८।९।६ | तिलक आर्टस फ्लेक्स एण्ड स्क्रिन प्रिन्ट | कार्यालय सामाग्री मसलन्द | १५३६०० |
| ५१७।०७८।९।७ | रामराज्ञी ट्रेड एण्ड सप्लायर्स | सवारी मर्मत | १९०००० |
| ५६८।०७८।९।२२ | सेती मोटरसाइकिल अटो सर्भिस | सवारी मर्मत | १४९०७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ५७३।०७८।९।२२ | न्यू जानकी ट्रेड एण्ड सप्लायर्स | सवारी मर्मत | ११७९०० |
| ६५३।०७८।९।२८ | निरपाल ट्रेडिङ्ग | कार्यालय सामाग्री मसलन्द | ४८३८१० |
| ६६९।०७८।९।२८ | स्काई कम्प्युटर्स | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | १३५००० |
| ६७०।०७८।९।२८ | जि.पि.ल्यापटप मर्मत एण्ड इलेक्ट्रोनिक्स पसल | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | २०८७०० |
| ६७१।०७८।९।२८ | क्रियटिभ आई टि सोलुशन | कार्यालय सामाग्री कम्प्युटर सम्बन्धी | २२८२५० |
| ८६०।०७८।११।१ | सत्कार बुक्स एण्ड स्टेशनर्स हाउस | कार्यालय सामाग्री मसलन्द | ४९८४९८ |
| ९७१।०७८।११।२८ | ओमेश्वरी सप्लायर्स | कार्यालय सामाग्री मसलन्द | ३५२५६० |
| ११०४।०७८।१२।१४ | सत्कार बुक्स एण्ड स्टेशनर्स हाउस | कार्यालय सामाग्री मसलन्द | ४७००९३ |
| १४२१।०७९।२।१८ | निश्चल खुद्रा पसल | कार्यालय सामाग्री मसलन्द | १६१४३० |
| १४२८।०७९।२।२० | ओमेश्वरी सप्लायर्स | कार्यालय सामाग्री मसलन्द | ३४१८८१ |
| १६८१।०७९।३।२५ | सत्कार बुक्स एण्ड स्टेशनर्स हाउस | कार्यालय सामाग्री मसलन्द | ३६३६३९ |
| १६६४।०७९।३।२५ | न्यू प्रतिभा बुक्स एण्ड स्टेशनर्स | कार्यालय सामाग्री मसलन्द | २९०८५० |
| १७०८।०७९।३।२५ | मालिका ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामाग्री मसलन्द | ४९९००२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा — ९२,७८,४८३ | |
| २३ | | | **सोझै खरिद** | |
| २३.१ | | | **कोटेशनको कार्य**: सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्वारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ०.० प्रतिशत देखि १.७५ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब १० देखि ३० प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिशपर्धा नगरी सोझै कोटेशनदारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन । | |

| गो.भौ. न | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| २१।२०७९।१।२१ | नबिकरणीय उर्जा प्रबिधी जडान | ४९९८१८ | ४९१०३८ | १.७५ |
| ५९७।२०७९।३।२० | बिश्वनाथ बाबा अधुरो मन्दिर निर्माण | ३८९५२१ | ३७८९२६ | ०.१५ |
| ५२७।२०७९।३।३ | महेन्द्र शिशु मा.बि. देखि भवन निर्माण | ४८७२१७ | ४८०६६३ | १.३४ |
| २५०।२०७८।१२।१ | अमौरा कुलो पुल देखि तटबन्ध निर्माण | ३८१९१९ | ३८१९१९ | ०.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९५।२०७८।१०।३</td><td>समिल नजिक बिच्की कुलोमा तटबन्ध निर्माण</td><td>४८७२१२</td><td>४८०७३३</td><td>१.३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>
लागत अनुमान नभएको: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले कोटेशन कार्यबाट खरिद गरेको कार्यमा लागत अनुमान तयार नगरी सोझै बजेटका आधारमा कोटेशन माग्ने र सोही कोटेशनको तुलनात्मक चार्ट बनाई घटीवालासँग खरिद गरेको नियमसँगत मान्न सकिने आधार देखिएन । अत कार्यालयले खरिद ऐनको पालना गरी लागत अनुमान तयार गरी मात्र खरिद गर्नु पर्दछ। केही उदाहरण निम्न छन ।
<table>
<tr><th>भौचर न</th><th>कार्यक्रमको नाम</th><th>पार्टीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१५।२०७८।६।२२</td><td>मेशिनरी तथा औजार खरिद</td><td>मां कर्णाली इलेक्टिक</td><td>४९३३००</td></tr>
<tr><td>१७।२०७८।६।२२</td><td>मेशिनरी तथा औजार खरिद</td><td>न्यु स्काई कम्प्युटर्स</td><td>२६५५००</td></tr>
<tr><td>१९।२०७८।६।२२</td><td>फनिचर्स तथाल फिक्चर्स</td><td>एल बि फनिचर</td><td>३४०१३०</td></tr>
<tr><td>२१।२०७८।६।२२</td><td>मेशिनरी तथा औजार खरिद</td><td>याजल टेड्रस</td><td>३३९०००</td></tr>
<tr><td>२३।२०७८।६।२२</td><td>मेशिनरी तथा औजार खरिद</td><td>आयुष कम्प्युटर</td><td>४६८९५०</td></tr>
<tr><td>२५।२०७८।६।२२</td><td>मेशिनरी तथा औजार खरिद</td><td>लक्ष्मि कम्प्युटर ट्रेड</td><td>४२८८३५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३.३</td><td></td><td></td><td>सोझै खरिद: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै ब्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ । यस पालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक टुक्रा गरी र बिभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेका केही उदाहरण निम्न छन । यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिका समान पटक पटक र बिभिन्न पार्टीसंग पटक पटक पुजिगत शिर्षकबाट खरिद गरेको रु.२,६८,४४,६८३.०० नियमसंगत भन्न सकिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ। केही उदाहरण निम्न छन । | |

| भौचर नं. | योजना तथा कार्यक्रमको नाम | पार्टीको नाम | रकम |
|---|---|---|---|
| ७९।२०७८।८।३२ | मेशिनरी तथा औजार खरिद | युनिक इन्जिनियरिड्ग | ४,५०,५१०।०० |
| १०६।२०७८।९।७ | मेशिनरी तथा औजार खरिद | टिमवान कम्प्युटर सप्लार्स | ४,८३,९००।०० |
| २०९।२०७८।१०।२४ | मेशिनरी तथा औजार खरिद | टीकापुर गुडस सप्लार्स | ४,९०,४२०।०० |
| २२४।२०७८।११।४ | मेशिनरी तथा औजार खरिद | न्यु स्काईकम्प्युटर्स | ४,९८,०००।०० |
| ६६१।२०७९।३।२५ | मेशिनरी तथा औजार खरिद | जानकी फनिचरसप्लार्स | ७,३९,९०१।०० |
| २०५।२०७८।१०।२४ | फनिचर्स तथा फिक्चर्स | अफिस फिनिसिड्ग होम | ४,८९,२९०।०० |
| १५।२०७८।६।२२ | फनिचर्स तथा फिक्चर्स | माँ कर्णाली इलेक्टीकल | ४,९३,३००।०० |
| २९।२०७८।६।२२ | फनिचर्स तथा फिक्चर्स | अफिस फिनिसिड्ग होम | ४,९३,८१०।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.४ | | | **वारिण्टी कार्ड नलिएको**: सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को ३ मा खरिद गरेका मालसमान वा सेवाको गुणस्तर परिक्षण गराउनु पर्ने बयवस्था छ । यस पालिका कार्यालयले बैकल्पिक उर्जा गाउँपालिकामा जडान गरिएका सोलरको भुक्तानी दिएकोमा उक्त कार्य गुणस्तर बमोजिम छ भनी गुणस्तर परिक्षण गरेको प्राबिधिक प्रतिबेदन पेश गरेको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>देखिएन र साथै उक्त कार्यका लागी खरिद गरेका समानको बिक्रेता आधिकारीक कम्पनीले निश्चित अवधिको लागी वारिण्टी कार्ड दिने गरेकोमा कार्यालयले कुन कम्पनीबाट खरिद गरेको हो सो एकिन भएन। अत कार्यालयले उक्त समान खरिद गरेको कम्पनीबाट जारी गरेको वारिण्टी कार्ड लिएको प्रमाण पेश गर्नु पर्दछ ।
<table>
<tr><th>सिन</th><th>योजनाको नाम</th><th>गो भौ न र मिति</th><th>रकम</th><th>कैफिएत</th></tr>
<tr><td>१</td><td>नबिकरणीय उर्जा प्रबिधि जडान</td><td>२१।२०७९१।२१</td><td>४९१०३८</td><td>कम्पनीको वारिण्डी कार्ड नलिएको</td></tr>
<tr><td>२</td><td>सडक सौर्य वत्ती जडान</td><td>४३०।२०७९।१।२१</td><td>२४५८३२</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२३.५</td><td></td><td></td><td>वितरण भरपाई नभएकोः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । देहाय अनुसारको कार्यक्रममा वितरण र जडान गरेको प्रमाण पेश भएको देखिएन । अत कार्यालयले बितरण तथा जडान गर्नु देखिएको रू
<table>
<tr><th>भौचर न.</th><th>ब्यहोरा</th><th>परिमाण</th><th>रकम</th><th>कैफिएत</th></tr>
<tr><td>७३।२०७९।८।२०</td><td>हयुमपाइप खरिद</td><td>२०</td><td>३७७२२२</td><td>जडान तथा बितरणको भर्पाई नभएको</td></tr>
<tr><td>७५।२०७८।८।२०</td><td>हयुमपाइप खरिद</td><td>२०</td><td>३८३६५१</td><td>जडान ता बितरणको भर्पाई नभएको</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>१,०४०,७९८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७७।२०७८ ८।२१</td><td>हयुमपाइप खरिद</td><td>१३</td><td>२७९९२५</td><td>बितरणको भर्पाई नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०,४०,७९८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>उपभोक्ता समितिको काम</td><td></td></tr>
<tr><td>२४.१</td><td></td><td></td><td>उपभोक्ताको कामः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको रु ५,५७,०८,०३३।९६ मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन ।
<table>
<tr><th>सि न</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कभर्डहल खानेपानी राधाकृष्ण जाने सडक तथा ढल निर्माण उ.स</td><td>सडक तथा ढल निर्माण</td><td>९,७४,०६४</td></tr>
<tr><td>२</td><td>जानकी ५ पथरयादेखि खैरापुर जानेबाटोमा कल्भर्ट निर्माण उ.स</td><td>कल्भर्ट निर्माण</td><td>९,६९,५००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>रोराकुलो नजिक कल्भर्ट निर्माण उ.स</td><td>कल्भर्ट निर्माण</td><td>९,७१,१८०</td></tr>
<tr><td>४</td><td>राष्ट्रिय आ.बि. बिद्यालय मनुवा भवन नि.उ.स</td><td>भवन निर्माण</td><td>९,६२,४०२</td></tr>
<tr><td>५</td><td>बाबुराम चौधरी सरको घर जाने कृर्षि सडक ग्राबेल उ.स</td><td>सडक ग्राबेल</td><td>१०,६६,३०४</td></tr>
<tr><td>६</td><td>जगतपुर मिलन चौराह पिपिल चौतारादेखितारा भण्डारीको घरसम्म सडक ग्राबेल उ.स</td><td>सडक ग्राबेल</td><td>७,१८,८६२</td></tr>
<tr><td>७</td><td>ठुलो दुर्गौली ग्रामिण बिधुत सहकारी टान्सफरमर खरिद समिति</td><td>टान्सफरमर खरिद</td><td>५,७३,५७१</td></tr>
<tr><td>८</td><td>खैराफाटा चौराहा ब्यवस्थित खानेपानी धारा जडान उ.स</td><td>खानेपानी जडान</td><td>६,३०,५५५</td></tr>
<tr><td>९</td><td>तोरियापुरमा शिव मन्दिरको भवन निर्माण उ.स</td><td>भवन निर्माण</td><td>५,२१,२८२</td></tr>
<tr><td>१०</td><td>नवप्रभात कृर्षि सहकारी संस्था भवन नि.उ.स</td><td>भवन निर्माण</td><td>१४,५४,५०५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>
गुणस्तर परीक्षण:– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१) अनुसार सार्वजनिक निकायले खरिद सम्झौताको कार्यान्वयन प्रगति अनुगमन नभई र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने व्यवस्था छ ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण निम्न अनुसार छन् ।
<table>
<tr><td>सि.नं</td><td>निर्माण कामको विवरण</td><td>पार्टीको नाम</td><td>भुक्तानी रकम</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१</td><td>वालज्योती मा.बि. अधुरो भवन निर्माण</td><td>भवन निर्माण उ.स</td><td>१४,०५,९१७</td></tr>
<tr><td>२</td><td>सामुदायिक भवन निर्माण उ.स</td><td>भवन निर्माण उ.स</td><td>९,९२,२७२</td></tr>
<tr><td>३</td><td>सयपत्री ग्रामिण बिधुत सहकारी</td><td>टान्सफर्मर खरिद</td><td>७,६४,०१५</td></tr>
<tr><td>४</td><td>दुर्गौली खानेपानी तथा सुधार</td><td>उपभोक्ता समिति</td><td>९,७५,०००</td></tr>
<tr><td>५</td><td>रोरा नदीमा कल्भर्ट निर्माण</td><td>उपभोक्ता समिति</td><td>९,७१,१८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४.३</td><td></td><td></td><td>जनसहभागिताको अंशदान:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १ (क) मा उपभोक्ता समितिबाट संचालन गरिने निर्माण कार्यको लागत अनुमानमा जनसहभागिताको अंश समेतको रकम समावेश हुने ब्यवस्था छ । यस पालिका कार्यालयमा उपभोक्ता समितिबाट सचालन गरिने कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुहको कति प्रतिशत अंश रहेनेछ भनी सभा वा पालिकाको आधिकारीक निर्णय गरेको प्रमाण देखिएन । उपभोक्ताद्वारा सचालित कार्य उपभोक्ता समितिसंग १० प्रतिशत देखि २० प्रतिशतसम्म रकम राखी कार्य सम्पन्न गरेको देखिन्छ । यसरी पालिकाको आधिकारी निर्णय बेगर अंशदानको प्रतिशत राख्ने कार्य नियमसंगत देखिएन । अतः पालिका कार्यालयले लाभग्राही समुदाय वा उपभोक्ता समितीको प्रतिशत एकिन गरी सभा वा पालिकाबाट निर्णय गराई उपभोक्ता समितिबाट कार्य गराउनेतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४.४</td><td></td><td></td><td>सार्वजनिक परीक्षण:– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२४.५</td><td></td><td></td><td>अनुगमन नभएको :– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०७८।७९ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन आंशिक पेश गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अतः यसले गर्दा पालिकाद्वारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ । | |
| २४.६ | | | **नापी किताव**:- निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्रारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आर्थिक बर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ । | |
| २४.७ | | | **नम्समा नभएको समानको भुक्तानी**: भवन बिभागको प्रकाशित नम्सको सि.नं.६को क.१.को३ मा १.६ ढुगां सिमेन्टको वाल लगाउने कार्यमा बास उपलब्ध गराउने ब्यवस्था गरेको देखिदैन । यस गाउँपालिका कार्यालयले उक्त कार्यको लागी प्रति घ.मी बासको रू ३४० दिने गरी दर बिश्लेषण गरी निम्म काममा भुक्तानी दिएको देखिएकोले कार्यालयले एकिन गरी असुल गर्नु पर्ने देखिएको रू | १५९,२७२ |

| भौचर नं. | उपभोक्ता समितिको नाम | परिमाण | दर | जम्मा | शिर्षक |
|---|---|---|---|---|---|
| २२।२०७९।२।२५ | कटाङ्गसे खेलकुद मैदानको पर्खाल नि.उ.स. | २७.३६ | ३४० | ९३०२ | प्रदेश |
| १०।२०७९।३।१६ | पुरन भुलको घरजाने बाटो मा कल्भर्ट नि.उ.स | ५७.५८ | ३४० | १९५७७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १३।२०७९।३।१८ | जगतपुर लमिस अधिकारीको घर नजिक कल्भर्ट निर्माण उ.स | ५३.६२ | ३४० | १८२३० | |
| ३०८।२०७८।१२।१७ | जानकी ९ वडा अध्यक्षको घर नजिक सडकमा कल्भर्ट नि.उ.स | ५३.३६ | ३४० | १८१४२ | गा.पा पुजिगत |
| ३०६।२०७८।१२।१७ | खग्रेन्द्र शाहीको घर नजिक कल्भर्ट नि.उ.स | २९.५४ | ३४० | १००४३ | |
| ३०९।२०७८।१२।१७ | जानकी १-५नवलपुर हुदै जानकी २ प्रगतिपुरकल्भर्ट नि.उ.स | ६७.५६ | ३४० | २२९७० | |
| ३५७।२०७९।१।५ | जानकी १-५ पथरैया देखि खैरा जाने सडकमा कल्भर्ट नि.उ.स | १२.६२ | ३४० | ४२९० | |
| ३६५।२०७९।१।६ | वडा न.७ र ४ का सिमानामा कल्भर्ट नि.उ.स | ४४ | ३४० | १४९५० | |
| ३९१।२०७९।१।१३ | लटकनिया सामुदायिक भवन घेरावार तथा शौचालय नि.उ.स | ९.१६ | ३४० | ३११४ | |
| ५४०।२०७९।२।२५ | खैराफाटा चौराह ब्यवस्थित खानेपानी नि.उ.स | १८.७१ | ३४० | ६३६१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५३२।२०७९।३।९</td><td>मंगल चौधरीको घर नजिक कल्भर्ट नि.उ.स</td><td>४६.८२</td><td>३४०</td><td>१५९१८</td><td></td></tr>
<tr><td>५६०।२०७९।३।१४</td><td>कटांक्षल नया बस्ती ढल निकास उ.स</td><td>४७.२७</td><td>३४०</td><td>१६३७५</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१,५९,२७२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.८</td><td></td><td></td><td>अन्य कार्यालयको खर्च :– आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा स्वीकृत बजेट रकम पालिकाको लागि भएकोले सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ । यस पालिकाले अन्य मन्त्रालयबाट विनियोजित रकमबाट खर्च गर्नुपर्ने कार्यक्रम, निर्माण तथा मर्मत कार्यको लागि यस कार्यालयले भुक्तानी गरेको रकम नियमसम्मत देखिएन । स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारित कार्यक्रमको उपलब्धि प्राप्त गर्ने गरी खर्च गर्नुपर्ने हुँदा अन्य निकायको लागि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । केही उदाहरण निम्न छन ।
<table>
<tr><td>सि.न.</td><td>कामको बिवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>पैचकोटी कृर्षि सहकारी संस्था भवन निर्माण</td><td>९९२,९७०।००</td></tr>
<tr><td>२</td><td>नेपाल रेडक्रस सोसाईटी भवन निर्माण</td><td>१९,४४,६२७।००</td></tr>
<tr><td>३</td><td>नव प्रभात कृर्षि सहकारी भवन निर्माण</td><td>१४,५४,५०४।००</td></tr>
<tr><td>४</td><td>जगनाथ ग्रमिण बिधुत सहकारी</td><td>७,६८,७००।००</td></tr>
<tr><td>५</td><td>कालिकापुर ग्रामिण बिधुत सहकारी</td><td>४,८७,५००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.९</td><td></td><td></td><td>भवन बिभागको प्रकाशित नम्सको सि.न.५को क १ (ख) २ मा १.४ र १.६ इटा सिमेन्टको वाल लगाउने कार्यमा दक्ष जनशक्ती १.५ जना अदक्ष जनशक्ती २.२ जना लाग्ने उल्लेख गरेको छ । परीक्षणका लागी छनौट भएका मध्ये निम्न</td><td>२५३,५५१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

निर्माण कार्यको दर बिश्लेषण गर्दा दक्षजनशक्ती १.५० लाग्नेमा १ राखेको अदक्ष्य जनशक्ती २.२३ लाग्नेमा ३.९९राखेको र समानको लागी श्रमिकको ३ प्रतिशत राख्न पाउने ब्यवस्था भएकोमा बासको ६८० राखेकोले नम्स अनुसार जम्मा लागत २९४० हुन पर्नेमा जानकीको गाउँपालिकाको दररेट अनुसार ४००३ भएकोले बढी भुक्तानी हुन गएको प्रति घ.मी रु १०६३ का दरले असुल गर्नु पर्ने देखिएको रू.

| भौचर न | उपभोक्ता समिति | समानको नाम र परिमाण | नम्स अनुसार परिमाण घ.मी | हुनु पर्ने रकम | भएको रकम | फरक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १८।२०७९ ।३।२३ | सामुदायिक भवन निर्माण उ.स.२ | १.४ इटाको वालको काम | १३.२८ | २९४० | ४००३ | १०६३ | १४११६ |
| १४।२०७९ ।३।२० | पंचकोटी कृर्षि सहकारी भवन निर्माण | १.४ इटाको वालको काम | २५.९३ | २९४० | ४००३ | १०६३ | २७५६३ |
| १७।२०७९ ।३।२३ | रामजानकी मंदिर संरक्षण समिति | १.४ इटाको वालको काम | १२.११ | २९४० | ४००३ | १०६३ | १२८७२ |
| १७९।२०७८ ।१०।१२ | कभर्डहल खानेपानी राधाकृष्ण मन्दिर जाने सडक ढल नि.उ.स | १.४ इटाको वालको काम | २८.३० | २९४० | ४००३ | १०६३ | ३००८२ |
| ३९१।२०७९ ।१।१३ | लटकनिया सामुदायिक भवन | १.४ इटाको | २२.८६ | २९४० | ४००३ | १०६३ | २४३०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घेरावार तथा शौचालय नि.उ.स | वालको काम | | | | | |
| ४२०।२०७९।१।१९ | कंचनपुर सामुदायिक स्वास्थ्य इकाई भवन नि.उ.स | १.४ इटाको वालको काम | ३५.७० | २९४० | ४००३ | १०६३ | ३७९४९ |
| ५५४।२०७९।३।१४ | नव प्रभात कृषि सहकारीभवन नि.उ.स | १.४ इटाको वालको काम | २९.४७ | २९४० | ४००३ | १०६३ | ३१३२६ |
| ५७५।२०७९।३।१५ | मोति माध्यामिक बिद्यालय भवन नि.उ.स | १.४ इटाको वालको काम | २३.३९ | २९४० | ४००३ | १०६३ | २४८६३ |
| ६०५।२०७९।३।२१ | तोरियापुर शिव मन्दिर अधुरो भवन नि.उ.स | १.४ इटाको वालको काम | ७.२३ | २९४० | ४००३ | १०६३ | ७६८५ |
| ६०३।२०७९।३।२१ | वालज्योती मा.बि. अधुरो भवन नि.स.स | १.४ इटाको वालको काम | २०.७६ | २९४० | ४००३ | १०६३ | २२०६७ |
| ६०१।२०७९।३।२१ | नेपाल रेडक्रस सोसाइटी उप शाखा भवन नि.उ.स | १.४ इटाको वालको काम | १९।५० | २९४० | ४००३ | १०६३ | २०७२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | | जम्मा | | | | | | २,५३,५५१ | | |
| २४.१० | | | **ढुगां गिट्टी वालुवा निर्माण ब्यावसायीले बेचेको**ः स्थानिय सरकार संचालन ऐन, २०७४ मा ढुङ्गा, गिट्टी र वालुवा बिक्रि गर्ने अधिकार स्थानिय तहलाई मात्र भएको देखिन्छ । यस गाउँपालिका कार्यालयले उपभोक्ताबाट निर्माण गराएका निम्न कार्यमा निर्माण ब्यावसायिको एउटै बिलबाट धेरै परिमाणमा ढुङ्गा, गिट्टी र वालुवा बेचेको भनी रोयलटी रकम भनी बिल पेश गरेको देखिन्छ । यसरी अधिकार नपाएको निर्माण ब्यावसायीले ढुगां, गिट्टी, वालुवा बिक्री गरी रोयलटी वापत बुझि लिएको रकम वास्तबिक हो भन्न सकिएन । अतः कार्यालयले यस सम्बन्धमा निर्माण ब्यावसायीका बिल एकिन गरी भुक्तानी लिएको रकम स्थानिय तहलाई बुझाएको भए प्रमाण पेश गर्ने अन्यथा यकिन गरी असुल गर्नु पर्ने रु. | ४७४,९५० |

| भौचर न | उपभोक्ता समिति | स्थानिय तह तथा नि.से वा | रसिद न र ब्यहोरा | दर | रकम |
|---|---|---|---|---|---|
| २९२२०७८ ।१२।१४ | जानकी ५ स मिल नजिक कुलोमा कल्भर्ट निमार्ण | मंगलाशैनी बिल्ड्रस | ब्यावसायिको बिलबाट १४१९ घ.मी भएको | ८५ | १२०६१५ |
| ३५७।२०७९ ।१।५ | जानकी ५ पथरैया देखि खेरापुर जानेबाटोमा कल्भर्ट निर्माण उ.स | मंगलाशैनी बिल्ड्रस | ब्यावसायिको बिलबाट १२३५ घ.मी भएको | ८५ | १०४९७५ |
| ३७५।२०७९ ।१।८ | रोराखोलामा कल्भर्ट निमार्ण | मंगलाशैनी बिल्ड्रस | ब्यावसायिको बिलबाट १२४१ घ.मी भएको | ८५ | १०५४८५ |
| ३५२।२०७९ ।१२।३० | बाल बिद्यामन्दिर भवन निर्माण उ.स | बिष्ट कन्स्टक्शन | ब्यावसायिको बिलबाट ८८५घ.मी भएको | ८५ | ८५२२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४४५।२०७९ २।१३</td><td>बाबुराम चौधरीको सरको घर जाने कृर्षि सडक ग्राबेल उ.स</td><td>मंगलाशैनी बिल्ड्स</td><td>ब्यावसायिको बिलबाट ६९०घ.मी भएको</td><td>८५</td><td>५८६५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>४,७४,९५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.११</td><td></td><td></td><td>
सार्वजनिक जग्गामा भवन निर्माणः स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २७ मा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने ब्यवस्था छ भने दफा ९७ मा गाउँपालिका तथा नगरपालिका आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको संरक्षण गर्ने जिम्मेवारी स्थानिय तहको रहेने ब्यवस्था छ । यस पालिका कार्यालयले उक्त उल्लेखित ब्यवस्था बिपरित सरकारी सार्वजनिक जग्गाको संरक्षण नगरी सार्वजनिक जग्गामा लालपुर्जा र नक्शा पास नगरी बिभिन्न संघ संस्था क्लब सहकारीका भवन निर्माणको लागी खर्च गरी भुक्तानी दिएको रकम नियमसंगत देखिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गरी स्थानिय सरकार संचालनको भावना र मर्म अनुसार भवन निर्माण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन ।
<table>
<tr><th>सि.न</th><th>योजनाको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>सामुदमयिक भवन निर्माण वडा न.२</td><td>९९२२७२।००</td></tr>
<tr><td>२</td><td>दर्शन खीष्टीको अधुरो भवन निर्माण</td><td>९७७१६९।००</td></tr>
<tr><td>३</td><td>मोतिनगर सामुदायिक भवन निर्माण</td><td>१७७०२४।००</td></tr>
<tr><td>४</td><td>ठुला दुर्गौली ग्रामीण बिधुत सहकारी</td><td>५७३५७१।००</td></tr>
<tr><td>६</td><td>जगनाथ ग्रामिण बिधुत सहकारी</td><td>७६८७००।००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४.१२</td><td></td><td></td><td>हाते बिल भरपाईः आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। यस कार्यालयबाट उपभोक्ता समितिदारा निमार्ण तथा खरिद कार्यको लागी बिभिन्न समानको बिल भरपाईको भुक्तानी दिदा प्राबिधिक मुल्याङकनलाई आधार नलिई उपभोक्ताकाले पेश गरेको बिल भरपाईको आधारमा भुक्तानी दिएको देखिन्छ यसरी प्राबिधिकले मुल्याङकंन गरी पेश गरेको बिलको आधारमा उपभोक्ता समितिबाट बिल भरपाई नलिई प्रयोग हुने एउटा मात्र समानको बिल धेरै पेश गरेको आधारमा भुक्तानी भएको कारण कार्यालयदारा निर्माण भएका काम वास्तबिक हुन भन्न सकिने आधार देखिएन र साथै जसले गर्दा समान ढुवानी कति रकम बराबर भएको हो एकिन गर्री ढुवानी कर समेत असुल गर्न सक्ने आधार देखिएन ।अत कार्यालयले निर्माण कार्यमा प्रयोग भएका वास्तबिक बिल भरपाई मात्र भुक्तानी भौचरसंग राख्न तर्फ ध्यान दिनु पर्दछ । यस्ता केही उदाहरण निम्म छन।
<table>
<tr><th>सि.न.</th><th>कार्यक्रमको नाम</th><th>योजनाको नाम</th><th>समानको नाम</th><th>पेश भएको बिल रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>गा.पा. पुजिगत</td><td>बाबुरा चौधरीको घर जाने कृर्षि सडक ग्राबेल</td><td>ढुगा.गिट्टी.वालुवा र<br>अन्य समान</td><td>८४६५००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>२</td><td></td><td>कंचनपुर स्वास्थ्य इकाईको अधुरो भवन निर्माण</td><td>ढुगा.गिट्टी.वालुवा र<br>अन्य समान</td><td>१९३७२०</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>३</td><td></td><td>राष्ट्रिय आ.बिको भवन निर्माण</td><td>ढुगा.गिट्टी.वालुवा र<br>अन्य समान</td><td>२४८०००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>४</td><td></td><td>वडा न७र ४को सिमानामा कल्भर्ट निर्माण</td><td>ढुगा.गिट्टी.वालुवा र<br>अन्य समान</td><td>२११०१५</td><td>लिखितम भरपाई</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td></td><td>जानकी ९ वडा अध्यक्षको घर नजिक कलर्भर्ट निर्माण</td><td>ढुगा.गिट्टी.वालुवा र अन्य समान</td><td>१५५०००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>६</td><td></td><td>पुरन भुलको घर जाने बाटोमा कल्भर्ट निर्माण</td><td>ढुगा.गिट्टी.वालुवा र अन्य समान</td><td></td><td>लिखितम भरपाई</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.१३</td><td></td><td></td><td>जनश्रमदान –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारको असूल गर्नु पर्ने देखिएको रू
<table>
<tr><td>गो.भौ.नं.</td><td>उपभोक्तासमिति र काम</td><td>मुल्याङन रकम</td><td>जनसहभागिता बेहोर्ने रकम</td><td>जनसहभागिता भएको रकम</td><td>घटीअनुपातिक कट्टीरकम</td><td>शिर्षक</td></tr>
<tr><td>५११।२०७९।२।२५</td><td>सयपत्री गायत्री बिधुत सहकारी संस्था भवन नि.स.</td><td>८०८८९०२</td><td>८०८९०</td><td>४४८८७</td><td>३६,००३</td><td>गा पा पुजिगत</td></tr>
</table>
</td><td>३६,००३</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(१) बमोजिम पालिकाले लाभग्राहिको अद्यावधिक विवरणका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले दिएको विवरण अनुसार सामाजिक सुरक्षामा देहाय बमोजिको खर्च रहेको छ:
<table>
<tr><th>किस्ता</th><th>प्रथमत्रैमासिक</th><th>दोस्रोत्रैमासिक</th><th>तेस्रोत्रैमासिक</th><th>चौथोत्रैमासिक</th><th>जम्मा खर्च</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कुल जम्मा</td><td>४३७४३९००</td><td>४४५१७४१३</td><td>४५०७५९६५</td><td>४६४८२८८४</td><td>१७९८२०१६२</td></tr>
</table>
पालिकाले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालिमा लगत कट्टा बमोजिम भुक्तानी नगरेको, नागरिकता नम्वर दोहोरो परेकोमा पनि रकम जम्मा गरेको पाईयो। पालिकाले सामाजिक सुरक्षातर्फ निकासा गरेको रकम तथा बैंकले लाभग्राहीलाई भुक्तानी गरेको भुक्तानी भिडाई लगत कट्टीको विवरण अनुसार खर्च यकिन गरि बैंक मौज्दात देखिन आएमा सो रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्दछ। साथै पालिकाले लगत कट्टीको विवरण अद्यावधिक गरेरमात्र रकम निकासा गर्नु पर्ने देखिन्छ।
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>
कर्मचारीतर्फ<br><br>
महङ्गी भत्ताः अर्थ मन्त्रालयको मिति २०७९।१।१५ को निर्णयानुसार करारमा कार्यरत कर्मचारीहरुलाई महङ्गी भत्ता उपलब्ध गराउन नमिल्ने परिपत्र जारी गरेको छ ।पालिकामा करार सेवामा निम्नानुसार १६ जना कर्मचारीहरुलाई महङ्गी भत्ता भुक्तानी भएको देखिएको रकम रु.३,८२,००० सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>पद</th><th>असूल हुनुपर्ने महङ्गी भत्ता रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>दुर्गाप्रसाद जोशी</td><td>सहायक पाँचौं</td><td>२४०००</td><td></td></tr>
<tr><td>२</td><td>गणेश बहादुर थापा</td><td>सहायक पाँचौं</td><td>२४०००</td><td></td></tr>
<tr><td>३</td><td>रामलाल चौधरी</td><td>भारी सवारी चालक</td><td>२४०००</td><td></td></tr>
<tr><td>४</td><td>राम स्वास्थ्य चौधरी</td><td>हलुका सवारी चालक</td><td>२४०००</td><td></td></tr>
<tr><td>५</td><td>चित्र बहादुर डगौरा</td><td>हलुका सवारी चालक</td><td>२४०००</td><td></td></tr>
<tr><td>६</td><td>सन्तोष कुमार थारु</td><td>कार्यालय सहयोगी</td><td>२४०००</td><td></td></tr>
<tr><td>७</td><td>समर चौधरी</td><td>कार्यालय सहयोगी</td><td>२४०००</td><td></td></tr>
</table>
</td><td>३८२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ८ | संगम बडायक | कार्यालय सहयोगी | २४००० | |
| ९ | रामकिशुन चौधरी | कार्यालय सहयोगी | २४००० | |
| १० | जगदिश चौधरी | कार्यालय सहयोगी | २४००० | |
| ११ | संजय कुमार थारु | कार्यालय सहयोगी | २४००० | |
| १२ | राम बहादुर चौधरी | कार्यालय सहयोगी | २२००० | |
| १३ | गापी कामी | कार्यालय सहयोगी | २४००० | |
| १४ | सूर्य बहादुर चौधरी | कार्यालय सहयोगी | २४००० | |
| १५ | कल्पना चौधरी | कार्यालय सहयोगी | २४००० | |
| १६ | राम बहादुर बडायक | ना.प्रा.स. | २४००० | |
| जम्मा | | | ३,८२,००० | |

प्रारम्भिक प्रतिवेदन उपर असूल भई दाखिला भौचर पेश भएको आधारमा मिति २०७९।१२ ।२० को निर्णयबाट रु. ९,८४,०००।-सम्परीक्षण गरिएको।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **विविधतर्फ** | |
| २७.१ | | | **सडक गुरु योजना र अभिलेखः** पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको अभिलेख राखी ती सडकहरुको निमार्ण, स्तरोन्नती मर्मत संम्भार तथा सञ्चालनको उचित प्रबन्ध गर्नु पर्छ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथामिकताको आधारमा वर्गिकरण गरी सोही बमोजिम सडक निमार्ण स्तरोन्नति तथा मर्मत सम्बन्धमा सडक गुरुयोजना तयार गरी सोही बमोजिम कार्य हुनुपर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समितिबाट सडक निमार्ण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखिन्छ । | |
| २७.२ | | | **कृषि, पशु, खानेपानी तथा विद्यालय अनुदानः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ। | |
| २८ | | | **थारु जातीको परम्परागत पोसाक सिलाईकटाई तालिम**:<br><br>थारु जातीको परम्परागत पोसाक सिलाईकटाई तालिम:तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका २०७८ ले परम्परागत पेशा प्रवर्द्धन एवम् आयआर्जन तथा जीवनस्तर सुधार कार्यक्रम अन्तर्गत जानकी गाउँपालिकालाई थारु जातीको परम्परागत पोसाक सिलाईकटाई तालिम कार्यक्रम अन्तर्गत छनौट गरेको छ। निर्देशिकाले कार्यक्रम सञ्चालन गर्दा पालिकाको न्यूनतम १० प्रतिशत लागत सहभागिता हुनुपर्ने, कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित कानून बमोजिक खर्च व्यवस्थापन गर्नु पर्ने, पालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने लगायतका व्यवस्थाहरु गरेको छ। पालिकाले यस कार्यक्रम सञ्चालन गर्दा रु ४,९७,५६७ गरेको तर निर्देशिकाले तोकेका कार्यविधिहरु पुरा नगरी सञ्चालन गरेको पाईयो। यसरी निर्देशिकाले तोकेका विधिहरु पालना नगरि खर्च गरेको नियमसम्मत नदेखिएको रकम रु. | ४९७,५६७ |
| २९ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम व्होराहरु**<br><br>सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ९६ (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै नै बेरुजु फर्छयौट गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट कायम निम्नानुसार बेरुजु हालसम्म फर्छयौट नभएकोले नियमावलीको व्यवस्था बमोजिम बेरुजु फर्छयौट गर्नु पर्दछ । | |
| २९.१ | | | <table><tr><td>क्र.सं.</td><td>**गाउँपालिका चालु**</td><td>असूल गर्नुपर्ने रु.</td></tr><tr><td>१</td><td>**विभिन्न मितिमा जनप्रतिनिधिलाई सञ्चार वापत भुक्तानी**ः स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ अनुसार गाउँ कार्यपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र गाउँ कार्यपालिकाका सदस्यहरुलाई टेलिफोन तथा मोबाइल सुविधा भनि मासिक रुपमा भुक्तानी भएको छ तर तपसिल बमोजिमका प्रतिनिधिहरुले पालिकाबाट मोबाइल रिचार्ज भनि दोहोरो सुविधा लिएको हुँदा सो रकम असुल गर्नुपर्ने रु.<br><br>१. धनिराम चौधरी - रु. १०००</td><td>२०१००</td></tr></table> | ६३,७०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
| | २. रामकृष्ण थारू - रु. २०००<br>३. प्रदिप कुमार शाह - रु. २०००<br>४. झनक बहादुर विश्वकर्मा - रु. २१००<br>५. डम्मर बहादुर थारू - रु. २०००<br>६. खकेन्द्र भण्डारी - रु. ३०००<br>७. उमा महतो - रु. ८००० | |
| २ | भौ.नं. ५३२।०७८।९।९, गाउँपालिकाउपाध्यक्ष उमा महतोलाई राष्ट्रिय महासंघको कार्यक्रममा सहभागी हुन गएको भनिदैनिक भ्रमण भत्ता भुक्तानि भएको लेखामा टिकट भन्दा रु. १००० रुपैया बढीभुक्तानि भएको हुदा बढी भुक्तानि भएको रकम असुल गर्नु पर्ने रु. | १००० |
| ३ | भौ.नं. ५४१।०७८।९।१२, गाउँ कार्यपालिका सदस्य राम किसनी चौधरीलाई राष्ट्रिय महासंघको कार्यक्रममा सहभागी हुन गएको भनि दैनिक भ्रमण भत्ता भुक्तानि भएको लेखामा टिकट भन्दा रु. १००० रुपैया बढी भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १००० |
| **न्यायिक समितिचालू** | | |
| ४ | भौ.नं. ८।०७८।९।२७, न्यायिक समिति र मेलमिलापकर्ताहरुलाई मेलमिलाप सम्वन्धी पुर्नताजकी तालिम सञ्चालन गरेको बिल भरपाई हेर्दा, तपसिल बमोजिमको व्यहोरा देखिएकोः<br>कार्य संचालन निर्देशिका २०७७ अनुसार नेपाल सरकार अन्तर्गतका तालिमकेन्द्र/प्रतिष्ठानहरूद्वारा सञ्चालन गरिने तालिम, गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाको अधिकृतस्तरको बाहिरी कार्यपत्र प्रस्तुतकर्ता पारिश्रमिक (प्रतीसत्र) रू. २१००।- दिने भनिएको छ । बाह्य प्रशिक्षकलाई प्रति सत्र रू. ३४००।- कादरले भूक्तानी भएको हुँदा बढी भुक्तानी भएको रु.<br><br>गणेश कठायत - १० सत्र x १३०० = रू. १३०००।-<br>रोहित देउवा - १० सत्र x १३०० = रू. १३०००।- | २६००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>भौ.नं. १०।०७८।१०।११, कार्यसंचालन निर्देशिका २०७७ अनुसार प्रशिक्षक भत्ता वाफत प्रति सत्र बढिमा रु. २१०० दिन सकिने भनिएको छ । न्यायिक समिती र सरोकारवाला बिच अन्तरक्रिया कार्यक्रममा प्रशिक्षक भत्ता वाफतप्रति सत्र रु. ३४०० प्रदान गरिएको हुदा बढि भुक्तानी हुन गएको रकम सम्बन्धितबाट असुल गरि बैङ्क दाखिला गर्नु पर्ने रु.<br><br>गणेश कठायत - ४ सत्र x १३०० = रू. ५२००।-<br>रोहित देउवा - ४ सत्र x १३०० = रू. ५२००।-</td><td>१०४००</td></tr>
<tr><td>६</td><td>भौ.नं. ११।०७८।१०।११, कानुन सम्बन्धि अभिमुखिकरण कार्यक्रममा प्रशिक्षण भत्ता बढी भुक्तानी भएको रु.<br><br>गणेश कठायत - २ सत्र x १३०० = रू. २६००।-<br>रोहित देउवा - २ सत्र x १३०० = रू. २६००।-</td><td>५२००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६३,७००</td></tr>
</table>
सामाजिक सुरक्षाको सम्बन्धमा आन्तरिक लेखा परीक्षणमा देखिएका व्यहोराहरु<br>
१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २६ को (३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरि त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकमा फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी सोको कारबाही गरेको पाईएन।<br><br>
२. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ कफ बुँदा नं ३४ मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने, सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तह आफूले गर्न सक्ने कुरा सम्बोधन गरि सम्बोधन गर्न नसकक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था छ। तर कार्यालयले उक्त कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन गरेको देखिएन।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.२ | | | **क्र.सं.** \| **गाउँपालिका चालु** \| नियमित गर्नुपर्ने रु.<br>१ \| भौ.नं. ८२२।०७८।१०।२४, थेसिस रिसर्चकर्ताको रिसर्चले गाउँपालिकाको सामुदायिक वनहरूलाई व्यवस्थित गर्न सकिने भनि जिवनरेग्मीलाई थेसिस लेखनका लागी आर्थिक सहयोग गरिएको जुन भुक्तानीको कुनै पनिकानुनि आधार (ऐन, कानुन, कार्यविधि) नभएको हुँदा सो भुक्तानीलाई नियमित गर्नुपर्ने रु. \| ५८०००<br>२ \| भौ.नं. ९७८।०७८।११।२९, सुदुरपश्चिम साहित्य समाज कैलालीलाई साहित्य महोत्सव संचालनको लागी भनि भएको भुक्तानीलाई नियमित गर्नुपर्ने रु. \| १०००००<br>जम्मा \| १,५८,००० | १५८,००० |
| ३० | | | **अन्य विविधतर्फ** | |
| ३०.१ | | | **सुरक्षित आप्रवासन परियोजना (सामी) कार्यान्वयनः** नेपाल सरकार र स्वीस सरकार बीच भएको द्धिपक्षिय सम्झौता अनुसार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारको नेतृत्वमा हेल्भटास नेपालको प्राविधिक सहयोगमा यस जानकी गाउँपालिकामा सुरक्षित आप्रवासन परियोजना (सामी) मिति २०७६।०९।१५ (December 31, 2019) देखि संचालित छ ।सो कार्यको लागि पालिकाले श्री टि. आर. ए. सि. ई. (ट्रेस) प्रा. ली. धनगढी, कैलालीसँग सम्झौंता गरि कार्यान्वयनमा रहेकोमा स्थानीय सरकार परियोजना व्यवस्थापन समितिको निर्णयानुसार भनी पालिकाले मिति २०७८।०४।०८ मा सो सम्झौंताको नविकरण गरी मिति २०७९।०३।२५ सम्ममा काम सम्पन्न गर्ने गरी कार्यदिश दिएको देखिन्छ । कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका, घोडाघोडी नगरपालिका, जानकी गाउँपालिका, टिकापुर नगरपालिका लगायतमा संचालित यस परियोजनाको सम्झौता नविकरण गर्दा प्रयोग गरिएको सनराइज बैंक लिमिटेडको रु. ५,००,०००.०० मिति 29 Janaury 2021 (२०७७ माघ १६) सम्म कायम रहेको बैंक जमानत रहेको छ । बैंक जमानतको समयावधि थप नगरी गरिएको सम्झौता बैध हुन सक्दैन । प्राविधिक मुल्याङ्कनमा आइटम वाइज बिल उठेको देखिएन । उक्त परियोजना अन्तर्गत सो परामर्शदाताले गरेको कामको एकिकृत विवरण तथा अनुगमन प्रतिवेदन समेत संलग्न रहेको पाइएन । सुरु सम्झौंता रकम रु. १०,६०,३०८.०० रहेकोमा नविकरण गर्दा सो रकमलाई बढोत्तरी गरी रु. २०,००,०००.०० बनाई श्री टि. आर. ए. सि. ई. (ट्रेस) प्रा. ली. धनगढी, कैलालीलाई कार्यदिश दिएको औचित्यता पुष्टि हुने प्रमाण लेखापरीक्षणको समयमा पेश हुन सकेन । यस परियोजनाबाट श्री टि. आर. ए. सि. ई. (ट्रेस) प्रा. ली. धनगढी, कैलालीलाई भुक्तानी गरेको विवरण निम्नानुसार रहेको छ ।<br>भौ नं. \| सम्बन्धित वजेट उपशिर्षक \| भुक्तानी रकम | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | |
|---|---|---|
| १०६।२०७८।०९।२९ | संघीय सरकारबाट हस्तान्तरित | ११,१३,७९७.०० |
| २७९।२०७९।०३।२० | संघीय सरकारबाट हस्तान्तरित | ८,८५,९५६.८६ |
| जम्मा | | १९,९९,७५३.८६ |

यसर्थ, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को व्यवस्थाको प्रतिकुल हुने गरी बैक जमानतको म्याद थप नगरी गरिएको सम्झौताले सार्वजनिक खर्चमा मितव्ययिता, पारदर्शिता र वित्तीय उत्तरदायित्व कायम हुन सक्दैन। सार्वजनिक खरिद कानुनको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>३०.२</td><td>४३०</td><td>२०७९-१-२१</td><td>सौर्य सडक बत्ती जडान कार्यः सौर्य सडक बत्ती जडान कार्य गर्नको लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट सुचिकृत कम्पनीबाट खरिद गर्नुपर्ने र सोको वारेन्टी कार्ड समेत लिई स्पेशिफिकेशन समेत खुलाई आम्दानी बाँध्नु पर्दछ । पालिकाले वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट पूर्व स्विकृती नलिएको कम्पनी श्री L B Business Group Private Limited Tikapur Kailali सँग सोझै सडक बत्ती खरिद गरेको छ । सो को वारेन्टी कार्ड संलग्न रहेको पाइएन ।गाउँपालिका पुँजीगतबाट सो कम्पनीलाई भुक्तानी गर्दा कर छुटका बस्तुहरु सोलार पातालाई रु. ३५,२००.०० र कन्ट्रोलरलाई रु. ७,६००.०० गरी जम्मा रु. ४२,८००.०० भुक्तानी भएको छ । यी कर छुटका बस्तुहरुमा मुल्य अभिबृद्धि कर रु.५,५६४.०० भुक्तानी भएको देखिन्छ।कर छुटका वस्तुमा भुक्तानी गरिएको मुल्य अभिबृद्धि कर रकम सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने देखिएको रु.</td><td>५,५६४</td></tr>
<tr><td>३०.३</td><td>२५</td><td>२०७९-२-३१</td><td>गोबर ग्यास जडान सम्बन्धीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले सबै वडाहरुमा समन्यायिकरुपमा सन्तुलित विकास गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ ।पालिकाले विभिन्न वडाहरुमा १६ वटा गोबर ग्याँस प्लान्ट जडान गर्नको लागि प्रति प्लान्ट रु ३१०००।०० अनुदान उपलब्ध गराउने प्रयोजनार्थ श्री त्रिवेणी गोबर ग्याँस कम्पनी प्राइभेट लिमिटेडसँग मिति २०७८।१०।२० मा सम्झौंता गरेको देखिन्छ । गोबर ग्याँस कम्पनी छनौंटको तथा लक्षित वर्ग छनौंटको स्पष्ट मापदण्ड र आधार तयार गरेको देखिएन। संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट सो कम्पनीलाई रु ४९६०००।०० भुक्तानी दिएको देखियो । यसरी मापदण्ड र आधार वेगर अनुदान दिने कार्यमा नियन्त्रण गर्दै प्रतिफल सूचक सहितको अनुगमन गरी अनुदानको उपयोगिता र प्रभावकारीता कायम गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ बमोजिम पेश्की दिएको रकम म्यादभित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.</td><td>१,९०४,२४९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>पेश्की लिनेको नाम</th><th>पद/ठेगाना</th><th>प्रयोजन</th><th>रकम रु.</th></tr>
<tr><td colspan="5">म्याद नाघेको पेश्की</td></tr>
<tr><td>1</td><td>जित बहादुर चौधरी थारु</td><td></td><td>उपचारात्मक सेवा अन्तर्गतका कार्यक्रमहरु (आधारभुत स्वास्थ्य सेवा केन्द्र (स्वास्थ्य चौकी) / आधारभुत अस्पतालको न्यूनतम सेवा मापदण्ड कार्यक्रम</td><td>१६६६५०</td></tr>
<tr><td>2</td><td>हरि बहादुर बिष्ट</td><td></td><td>कार्यक्रम खर्च</td><td>२३१०००</td></tr>
<tr><td>3</td><td>यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लि.</td><td>शाखा प्रमुख</td><td>पदाधिकारीको अन्य सामाजिक सुरक्षा खर्च</td><td>४०८३९९</td></tr>
<tr><td>4</td><td>जिवन रक्षा रोजगार तथा परामर्श केन्द्र</td><td></td><td>बेरोजगार तथ्याङ्क संकलन एवं परामर्श कार्यक्रम</td><td>२९९४००</td></tr>
<tr><td>5</td><td>जिवन रक्षा रोजगार तथा परामर्श केन्द्र</td><td></td><td>पावर ट्रिलर मर्मत तालिम</td><td>२९९४००</td></tr>
<tr><td>6</td><td>उद्यमी विकास प्राविधिक शिक्षालय तथा परामर्श केन्द्र</td><td></td><td>मोटर साइकल मर्मत तालिम</td><td>२९९४००</td></tr>
<tr><td>7</td><td>पहुँच विहिनहरुका लागि सामाजिक उत्थान केन्द्र (एक्सेस नेपाल)</td><td></td><td></td><td>२०००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१९,०४,२४९</td></tr>
<tr><td colspan="5">म्याद ननाघेको पेश्की</td></tr>
<tr><td>8</td><td>एन.के.पी. कन्स्ट्रक्सन</td><td></td><td>जानकी ७ हिम्मतपुर देखि दुर्गौलि जोड्ने सडक कालोपत्रे</td><td>२३४६००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 9 | बिष्ट कन्सट्रक्सन | | राष्ट्रिय मावि अमौरा अधुरो विद्यालय भवन निर्माण | ४२८५९० |
| 10 | बिष्ट कन्सट्रक्सन | | ऐश्वर्य प्रावि अधुरो विद्यालय भवन निर्माण | ४२६७४० |
| 11 | बिष्ट कन्सट्रक्सन | | ऐश्वर्य प्रावि अधुरो विद्यालय भवन निर्माण | ३२६७५७ |
| 12 | बिष्ट कन्सट्रक्सन | | राष्ट्रिय मावि अमौरा अधुरो विद्यालय भवन निर्माण | ४२८६०५ |
| 13 | एन केपी कन्स्ट्रक्सन | | जानकी ७ हिम्मतपुर देखि दुर्गौलि जोड्ने सडक कालोपत्रे | २३४६०९ |
| 14 | वजरङग निर्माण सेवा | | केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | ५००००० |
| 15 | शिवाको प्रशंशा। जेवि जे.भी. | | जनता नमुना मावि देखि २ नं वडा कार्यालय हुँदै अमौरी सडक कालोपत्रे- संघीय समपुरक अनुदान लागत साझेदारी | २७९०००० |
| 16 | फार वेस्ट कन्सट्रक्सन प्रा.लि. | | पहाडीपुर देखि फारलाईन सडक कालोपत्रे | ४०८००० |
| 17 | श्री न्यू समिप निर्माण सेवा | | धर्मापुर देखि भोक्सी सडक स्तोन्नती | ८३०००० |
| 18 | शिवाको प्रशंशा। जेवि जे.भी. | | जनता नमुना मावि देखि २ नं वडा कार्यालय हुँदै अमौरी सडक कालोपत्रे- संघीय समपुरक अनुदान लागत साझेदारी | २२९०००० |
| जम्मा | | | | ८८,९७,९०१ |
| कूल जम्मा | | | | १,०८,०२,१५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **कृषि चालु (पालिका तर्फ)** | |
| ३२.१ | | २०७८–१२–१५ | **मकै पकेट विकास कार्यक्रम**: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, कागजात र प्रमाण हुनुपर्ने व्यवस्था छ। पालिकाले मकै पकेट विकास कार्यक्रम सञ्चलान गर्दा मकैको बिउ, मकै छोडाउने तथा रोप्ने मेसिन, मोटर, पावर टिलर लगायतका सामाग्री खरिद गरेको भएपनि वितरण भरपाई पेश नभएकाले वितरण भरपाई पेश गर्नु पर्ने रु. | ४९९,९९० |
| ३२.२ | | | **बालि प्रदर्शन कार्यक्रम**: पालिकाको बार्षिक कार्यक्रम अन्तर्गत विविध वालि प्रदर्शन कार्यक्रम सञ्चालन गर्दा प्रदर्शनी प्रयोजनका लागि रु. २,७७,९२० बराबरको तरकारी लगायतका सामाग्री तथा रु. २,५०,००० आलु खेती प्रदर्शन कार्यक्रममा आलुको विउ लगायतका सामाग्री खरिद गरेको देखिन्छ। प्रदर्शनी सकिए पश्चात उक्त खरिद गरिएका सामाग्रीहरु के गरियो भन्ने सम्बन्धमा आवश्यक प्रमाण पेश हुन नसकेकाले यस सम्बन्धमा प्रमाण पेश गर्नु पर्ने रकम रु. | ५२७,९२० |
| ३२.३ | | | **कार्यक्रम अनुगमन निरीक्षण खर्च**: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, कागजात र प्रमाण हुनुपर्ने व्यवस्था छ। पालिकाले कृषि कार्यक्रम अन्तर्गत कार्यक्रम अनुगमन निरीक्षणमा १,५०,००० खर्च गरेको वितरण भरपाई पेश गरेको भएपनि अनुगमन गरिएका कार्यक्रमको विवरण, अनुगमन मुल्याङ्कन प्रतिवेदन लगायत खर्चको औचित्यता पुष्टि हुने आवश्यक कागजात पेश हुन सकेन। अत: पालिकाले खर्च गर्दा औचित्यता पुष्टि हुने गरि खर्च गर्नु पर्दछ। | |
| ३२.४ | | | **अन्तरजिल्ला कृषक अवलोकन भ्रमण**: पालिकाको बार्षिक कार्यक्रम अन्तर्गतको अन्तरजिल्ला कृषक अवलोकन भ्रमण कार्यक्रममा पालिकाले २५ जना कृषक तथा पालिका कर्मचारीहरुलाई भ्रमण गराई रु. ५,००,००० खर्च गरेको भएपनि भ्रमणको विवरण, उपलब्धि, सिकाई लगायत भ्रमणको औचित्यता पुष्टी गर्ने आवश्यक कागजात पेश भएको पाइएन। साथै भ्रमण खर्च नियमावली, २०६४ ले दैनिक भ्रमण भत्ता उपलब्ध गराएपछि अन्य खर्च भुक्तानी गर्न नहुने व्यवस्था गरेपनि पालिकाले यसरी भ्रमणमा भएका कृषक तथा कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी पछिपनि खाना खर्च बापतको रकम भुक्तानी गरेकाले नियमसम्मत नदेखिएको रु. | १२,००० |
| ३३ | | | **बिबिध परीक्षण**<br><br>**नन फाईलरलाई मु.अ.कर भुक्तानीः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ (१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधि समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ, साथै दफा १९(२) मा उक्त अबधिमा कर नबुझाएमा बाँकी रहेको रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर लाग्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको नन फाईलर फर्मलाई रु मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा उक्त फर्म विगत निम्न समयदेखि नोन | ३९४,९६६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>फाईलर रहेको देखिएकोले नियमावलीको व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने, रु.
<table>
<tr><th>गो. भौ.न र मिति</th><th>पार्टीको नाम</th><th>कामको नाम</th><th>नोन फाईलर मिती</th><th>मु अ कर रकम</th></tr>
<tr><td>१०६।२०७८।९।७</td><td>टिमवान कम्प्युटर एण्ड सप्लार्स</td><td>मेशिनरी औजार खरिद</td><td>२०७८।१०</td><td>५५६६९</td></tr>
<tr><td>१५३।२०७८।९।२७</td><td>के.पि.शुशिल नि.सेवा</td><td>शहिद गेटदेखि मकरी चोक पक्की ढल निर्माण</td><td>२०७८।८</td><td>८९५६२</td></tr>
<tr><td>१३।२०७८।११।११</td><td>दातारी कन्स्टक्शन</td><td>रा.आ.बिधालय भवन निर्माण</td><td>२०७९।३</td><td>९६३४४</td></tr>
<tr><td>१९।२०७९।१।१२</td><td>बिष्ट कन्स्टक्शन</td><td>ऐश्वर्य प्रा बि भवन निर्माण</td><td>२०७९।३</td><td>९८५०६</td></tr>
<tr><td>१८५।२०७८।१०।१८</td><td>के.पि.शुशिल नि.सेवा</td><td>खेलकुद मैदान घेरावार निर्माण</td><td>२०७८।८</td><td>५४८८५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३,९४,९६६</td></tr>
</table></td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>अनुगमन तथा सम्परिक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।<br><br>(रु. हजारमा)</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गत वर्षसम्मको बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B) | गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B) |
|---|---|---|
| १५,५५,१३ | ३०,७० | १५,२४,४३ |

यस वर्ष पालिकाले रु ६२,६४,००७।०० फछ्र्यौट गरी सम्परीक्षणको लागि अनुरोध भई आएकोमा निम्नानुसार रु ३०,७०,६१२।०० सम्परीक्षण गरिएको छ ।

| सि.नं. | आ.व. | दफा | व्यहोरा | फछ्र्यौटको आधार | रकम |
|---|---|---|---|---|---|
| १ | २०७१।७२ | १ | साबिक मनुवा गा बि स बस्ने फागुराम चौधरीको पेश्की बेरूजु | असुल दाखिला गरी फ्रछयौट गरेको आधारमा स प गरिएको | २५,०००।०० |
| २ | २०७४।७५ | ४४ | भरत बहादुर थापाको महिलाहरूको सिपमुलक कार्यक्रमको पेश्की । | पेश्की प्रछयौट गरी अनुरोध भई आएको । | ९५,०००।०० |
| ३ | २०७५।७६ | १८ | बिभिन्न पदाधिकारीलाई बैठक भत्ता बढी भुक्तानी भएकोले असुल गर्नु पर्ने रू | निम्न पदाधिकारीलाई बैठक भत्ता बढी भुक्तानी भएकोले असुल गर्नु पर्ने रकम असुल गरी दाखिला गरेको प्रमाण पेश भएको रू | ५४,०००।०० |
| | | | | ७ नं. वडा सदस्य दशरथ चौधरी रु.६,०००।०० | |
| | | | | ५ नं. वडा सदस्य मोतीराम चौधरीरु.४,०००।०० | |
| | | | | ६ नं. वडाअध्यक्ष झनक बहादुर बिरु.९,०००।०० | |
| | | | | ९ नं. वडाअध्यक्ष खकेन्द्र रु.९,०००।०० | |
| | | | | ८ नं. वडा सदस्य रामवली चौधरीरु.१,०००।०० | |
| | | | | कार्यपालिका सदस्य सोमती कुमारी चौधरीरु.१६,०००।०० | |
| | | | | ९ नं. वडा सदस्य कल्पना खड्कारु.४,०००।०० | |
| | | | | १ नं. वडा सदस्य भागीराम चौधरीरु.४,०००।०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ९ नं. वडा सदस्य सुनकोशा सार्कीरु.१,०००।०० | |
| ४ | २०७६।७७ | २१ र ७७ | बिभिन्न पदाधिकारीलाई कोरोना भत्ता र जिवन बिमा भुक्तानी भएको | निम्न पदाधिकारीबाट असुल गरि दाखिला भएको प्रमाण पेश रू | ४,०७,७३७।०० |
| | | | | ७ नं. वडा सदस्यदशरथ चौधरी रु ३७,३८८।०० | |
| | | | | ५ नं. वडा सदस्यमोतीराम चौधरी रू ४२,२४७।०० | |
| | | | | ७ नं. वडा सदस्यहाँसीराम चौधरी रू ३६,४४२.०० | |
| | | | | ७ नं. वडा सदस्यबिर्मा बि.क.रू ३८,२५१.०० | |
| | | | | ६ नं. वडाअध्यक्ष झनक बहादुर बि.क.रू ६४७७५।०० | |
| | | | | ९ नं. वडाअध्यक्ष खकेन्द्र भण्डारी रू ५९८०७।०० | |
| | | | | ५ नं. वडा सदस्य रत्ना देवी बि.क.रु ३५३५४।०० | |
| | | | | ८ नं. वडा सदस्य रामवली चौधरी रु३८०३५।०० | |
| | | | | कार्यपालिका सदस्य सोमती कुमारी चौधरी रू ४०१५८।०० | |
| | | | | ९ नं. वडा सदस्य शेर बहादुर बि.करू ४३३११।०० | |
| | | | | ९ नं. वडा सदस्य कल्पना खड्का रु.३७५२१।०० | |
| | | | | ३ नं. वडा सदस्य धोरिया कठरिया रू ३३७११।०० | |
| | | | | १ नं. वडा सदस्य भागीराम चौधरी रू ३५९९२।०० | |
| | | | | ९ नं. वडा सदस्य सुनकोशा सार्की रु ३९३९२।०० | |
| | | | | ८ नं. वडा सदस्य जानकी देवी चौधरी रु ३५३५४।०० | |
| ५ | २०७६।७७ | १७ | विद्यालय शौचालय निर्माणको लागि लिएको श्री ऐश्वर्य आधारभुत विद्यालय | असुल गरी दाखिला फछ्यौट गरेको प्रमाण पेश । | २,१०,०००।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पालबजारको नाममापेश्की | | |
| ६ | २०७६।७७ | २१ | पदाधिकारीहरूको जिबन बिमा बेरूजु असुल गर्नु पर्ने | निम्न पदाधिकारीको जिवन बिमा असुल गरी दाखिला गरी फछ्यौट गरेको प्रमाण पेश | २,००,१६०।०० |
| | | | | १.वडा सदस्य गंगा देवी चौधरी रु.१५,८४०।- | |
| | | | | २. वडा सदस्य निर्मला लुहार रु.१५,८४०।- | |
| | | | | ३. वडा सदस्य तिलक देवी थारु रु.१५,८४०।- | |
| | | | | ४.वडा सदस्य राम सिंह चौधरी रु.१५,८४०।- | |
| | | | | ५. वडा सदस्य गोविन्द मुडभरी रु.९,०००।- | |
| | | | | ६. वडा सदस्य शेर बहादुर साँउद रु.१५,८४०।- | |
| | | | | ७.वडा सदस्य भावना वि.क. रु.१५,८४०।- | |
| | | | | ८. वडा सदस्य विलासपति देवी कठरिया रु.१५,८४०।- | |
| | | | | ९. वडा सदस्य सुरज चौधरी रु.१५,८४०।- | |
| | | | | १० .वडा सदस्य भगवती चौधरी रु.१,०८०।- | |
| | | | | ११. वडा सदस्य सरस्वती भुल रु.१५,८४०।- | |
| | | | | १२. वडा सदस्य सुर्जा देवी टमट्टा रु.१५,८४०।- | |
| | | | | १३ .वडा सदस्य दिपा चौधरी रु.१५,८४०।— | |
| | | | | १४. वडा सदस्य बिजय बहादुर रावल रु.१५,८४०।- | |
| | | | | | |
| ७ | २०७७।७८ | ६१ | कंचन गहुँ पकेट संचालक समितिकोकरकट्टी गरेको रकम दाखिला भौचर पेश नभएको | करकट्टी रकम दाखिला गरेको भौचर पेश भएको रू | ४,४१५।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | २०७७।७८ | ७२ | एकमुष्ट अनुदानमा सञ्चालित विद्यालयलाई थप अनुदान दोहोरो पारिश्रमिक शिर्षकमा भुक्तानी भएकोले असुल गर्नुपर्ने | निम्म बिधालयबाट बढी भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेश भएको रू<br>रूक्मणी प्रा.बि. रु १३६५००।००<br>हिरा आ.बि. रु. १३६५००।००<br>वाल संरक्षण आ.बि. रू. १३६५००।०० | ४,०९,५००।०० |
| ९ | २०७७।७८ | १९ | बिभिन्न निर्माण ब्यावसायीले लिएको मोविलाईजेशन पेश्की | निम्म निर्माण ब्यावसायीको मोबिलाईजेशन पेश्को फछ्यौटगरेको प्रमाण पेश भएको रू<br>१.बजरङ्ग निर्माण सेवा रू १५०००००।००<br>६.धर्मानन्दकवाडीरु१०००००।००<br>७. वसन्त डगौरा थारू र कृणबहादुर शाही रू ६४८००।०० | १६,६४,८००।०० |
| जम्मा | | | | | ३०,७०,६१२.०० |